वर्ष २० | अंक २२२ | काठमाडौं | मंगलवार, १३ जेठ २०८२ | Tuesday, 27 May 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

काँक्रा बेचेरै महीनाको १ लाख कमाइ २

यामाहाको 'नेसनल सर्भिस स्किल कन्टेस्ट २०८२' सम्पन्न ३

लघुवित्त : अभियानदेखि आन्दोलनसम्म ४

इयुमाथि ५० प्रतिशत भन्सार महसुल जुलाई ९ सम्म स्थगित ८



**कृषि उत्पादन बढाऔं ।**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानिय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह–सुझाव लिऊँ,

**कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

### जगदुल्ला हाइड्रोपावरको ठेक्का पाउन नक्कली कागजात पेश गरेको आरोप

# चिनियाँ कम्पनीमाथि प्रहरी अनुसन्धान

- प्रतिस्पर्धीले नक्कली कागज पेश गरेर ठेक्का हात पार्न खोजेको भन्दै अर्को चिनियाँ कम्पनीबाट प्रहरीमा उजुरी
- तोकिएको योग्यता पुष्टि गर्ने कागजात नक्कली भएको उजुरीकर्ताको दाबी
- पेश गरेको कागजात नक्कली भएको भन्दै सम्बद्ध कम्पनी दाबी गर्नेबाट समेत जगदुल्लामा पत्र प्राप्त
- पत्र पठाइएको इमेल आधिकारिक हो/होइन पुष्टि हुन बाँकी
- गलत कागजात पेश गरेको पुष्टि भए चिनियाँ जेसीईई र नेपाली साझेदार एएनके कन्सट्रक्शन कारबाहीमा पर्ने

**प्रशान्त खड्का**
काठमाडौं

जगदुल्ला हाइड्रोपावरको ठेक्का हात पार्न एक चिनियाँ कम्पनीले नक्कली कागजात पेश गरेका आरोप लागेपछि प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

गत अप्रिल २२ मा जगदुल्ला हाइड्रोपावर कम्पनीले परियोजनाको सिभिल र हाइड्रो मेकानिकल कामको लागि चिनियाँ कम्पनी जियाङ्सी कन्सट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन (जेसीईई) र सिनो हाइड्रो कर्पोरेशन लिमिटेड प्राविधिक प्रस्तावको मूल्यांकनमा उत्तीर्ण भएको भन्दै सूचना निकालेको थियो ।

उनीहरूको वित्तीय प्रस्ताव मूल्यांकनपछि निर्माण कम्पनी छनोट गर्ने जानकारी पनि कम्पनीले दिएको थियो । जगदुल्लाले इन्जिनीयरिङ, खरीद र निर्माण (ईपीसी) मोडलमा १०६ मेगावाटको यो परियोजना निर्माण गर्न बोलपत्र आह्वान गरेको थियो ।

तर, सिनो हाइड्रोले अर्को प्रतिस्पर्धी चिनियाँ कम्पनीले नक्कली कागजात पेश गरी जलविद्युत् परियोजनाको ठेक्का हात पार्न लागेको भनी निवेदन दर्ता गरेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अनुसन्धान अघि बढाएको हो ।

सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले चिनियाँ कम्पनी सिनो हाइड्रोले सीआईबीको कार्यालयमा अनुसन्धान गर्न निवेदन दर्ता गरेको र त्यसबारेमा अनुसन्धान भइरहेको बताए ।

'जेसीईईले जगदुल्ला हाइड्रोपावरको ठेक्का पाउन फर्जी कागजात पेश गरेकोले अनुसन्धान गरीपाउँ भनी निवेदन दर्ता गराएको छ, त्यसमा अनुसन्धान भइरहेको छ,' खड्काले भने ।

सबैभन्दा कम मूल्य कबोल गरेकाले जेसीईई र उसको ज्वाइन्ट भेन्चर पार्टनर एएनके कन्सट्रक्शन नेपाल जेभीले ठेक्का पाउने निश्चितजस्तै बनेको जगदुल्ला कम्पनीका एक उच्च अधिकारीले बताए । 'सिनो हाइड्रोले मूल्य अभिवृद्धि करसहित १५ अर्ब ७ करोड रुपैयाँ र जियाङ्सी र एएनकेको संयुक्त उपक्रमले १३ अर्ब ७३ करोड रुपैयाँ रकम कबोल गरेका छन्,' ती अधिकारीले भने । यसै बेला जेसीईईले पेश गरेको कागजमा विवाद आएपछि यसबारे के हुने हो त्यसै भन्न नसकिने कम्पनीका अधिकारी बताउँछन् ।

डोल्पा जिल्लाको जगदुल्ला नदीमा बन्ने उक्त आयोजनाको ठेक्का हात पार्ने उद्देश्यले जेसीईई/एएनके कन्सट्रक्शनले यसअघि पनि जलविद्युत् आयोजना निर्माण गरिसकेको अनुभवको योग्यता पुऱ्याउन नक्कली कागजतात पेश गरेको भन्ने आरोप छ । जेसीईईले हेचाउ साङचेङ इलेक्ट्रिक पावर कम्पनीको लागि चीनमा ९० मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरेको कागजात पेश गरेको थियो ।

तर, गत बिहीवार आफूलाई हेचाउ कम्पनी दाबी गर्दै जगदुल्ला हाइड्रोपावर कम्पनीलाई लेखिएको एक पत्रमा जेसीईईले पेश गरेको कागजात नक्कली रहेको दाबी गरेको छ । आर्थिक अभियानलाई प्राप्त उक्त पत्रअनुसार जेसीईईले आफ्नो कम्पनीको कुनै विद्युत् परियोजना नबनाएको र निर्माण गरेको दाबी गरिएको ९० मेगावाटको साङचेङ हाइड्रोपावर प्रोजेक्ट धेरै अघि नै आर्थिक कारणले रद्द गरिएको जनाइएको छ । हेचाउ शाङचेङ इलेक्ट्रिक पावर कम्पनी लिमिटेडको साखलाई उपयोग गर्दै 'शाङचेङ इलेक्ट्रिक पावर कम्पनी लिमिटेड' र 'शाङचेङ जलविद्युत् स्टेशन'को नाम दुरुपयोग गरी जालसाजीपूर्ण काम गरेको पत्रमा उल्लेख गरिएको छ ।

» बाँकी पृष्ठ ५ मा

# कर्मचारीको तलब बढाउँदै सरकार

## तर बढ्दो लागतका लागि स्रोत जुटाउन हम्मे

- प्रत्येक ३ वर्षमा राजस्व वृद्धिदर, मूल्यवृद्धि तथा कुल दरबन्दीसमेतका आधारमा सरकारी कर्मचारीको तलब, भत्ता पुनरवलोकन गर्नुपर्ने कानूनी व्यवस्था
- तलब बढाउन अनावश्यक निकायहरू कटौतीदेखि मितव्ययी हुने प्रयासमा सरकार
- तलब वृद्धिका लागि स्रोत नपुगे विकास बजेट नै घटाउने सरकारको तयारी

**विजय दमासे**
काठमाडौं

स्रोतको अभाव झेलिरहेको सरकार आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटमार्फत कर्मचारीको तलब वृद्धि गर्ने तयारीमा लागेको छ । कर्मचारीको तलब बढ्दा सरकारको अनिवार्य दायित्वको आकार पनि बढ्छ ।

बजेट निर्माणमा सहभागी अर्थ मन्त्रालयका उच्च अधिकारीका अनुसार आगामी वर्ष कर्मचारीको तलब बढाउने गरी गृहकार्य भइरहेको छ । सरकारले आव २०७९/८० को बजेटमार्फत सरकारी कर्मचारीको तलब १५ प्रतिशत वृद्धि गरेको थियो । त्यसयता बढेको छैन । निजामती कर्मचारी ऐनले हरेक ३ वर्षमा सरकारी कर्मचारीको तलब वृद्धि गर्नुपर्ने व्यवस्था गरेको छ ।

सरकारले प्रत्येक ३ वर्षमा राजस्व वृद्धिदर, मूल्यवृद्धि तथा कुल दरबन्दीसमेतका आधारमा सरकारी कर्मचारीको तलब, भत्ता पुनरवलोकन गर्ने निजामती सेवा ऐन, २०४९ को दफा २७ मा उल्लेख छ । यही व्यवस्थाले गर्दा पनि आगामी आवको बजेटमार्फत तलब वृद्धि गर्नुपर्ने दायित्वमा सरकार रहेको अर्थ मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

आउँदो बजेटमा कर्मचारीको तलब बढाउने गृहकार्यमा लागेका अर्थका अधिकारीहरूलाई स्रोतको भने ठूलो चाप छ । उनीहरूका अनुसार अहिले स्रोत जुटाउन हम्मेहम्मे भइरहेको छ । तैपनि सार्वजनिक खर्च पुनरवलोकन आयोगले दिएको सुझावअनुसार केही अनावश्यक निकाय कटौतीदेखि मितव्ययी भएर पनि ऐनअनुसार तलब वृद्धिमा अधिकारीहरू लागेका छन् । उनीहरूका अनुसार विकास बजेट कटौती नै गरेर भए पनि तलब बढाउनुपर्ने दबाब छ ।

'चालू खर्च धान्ने राजस्व अहिले पनि उठ्न हम्मेहम्मे परिरहेको छ, तलब बढाउनैपर्ने दबाब छ, केही विकास बजेट घटाएरै भए पनि तलब वृद्धि गर्नुपर्ने अवस्था आउन सक्छ,' बजेट निर्माणमा सहभागी अधिकारीले भने ।

केही वर्षयता सरकारको चालू खर्च ह्वात्तै बढ्ने तर पूँजीगत खर्च कम हुने प्रवृत्ति कायम छ । कर्मचारी तथा पदाधिकारीको तलब, भत्ताले चालू खर्चको महत्त्वपूर्ण अंश ओगट्छ । चालू आवमा सरकारले कर्मचारी तथा पदाधिकारीको पारिश्रामिकका लागि १ खर्ब ६० अर्ब छुट्ट्याएको छ । त्यसैगरी पेन्सनमा करीब ८० अर्ब रुपैयाँ खर्च हुन्छ । तलब बढाउँदा पेन्सन पनि बढ्ने हुँदा सरकारको आर्थिक दायित्व ह्वात्तै बढ्छ । तर, सरकारले कानूनअनुसार तलब बढाइरहे पनि कर्मचारीले असन्तुष्टि जाहेर गर्दै आएका छन् । सरकारले २०७९/८० मा कर्मचारीको तलब बढाए पनि उनीहरू सन्तुष्ट थिएनन् । तत्कालीन समयमा १५ जेठमा आएको बजेटमा कर्मचारीको तलब १५ प्रतिशत बढाउने घोषणा गरिएको थियो । तर, पछि माथिल्ला तहका कर्मचारीको २० प्रतिशतभन्दा बढी तलब बढाइएको भन्दै तल्लो तहका कर्मचारीले विरोध गरेपछि सरकारले ६ भदौ २०७९ मा तलबमान अध्ययन गर्न पूर्वमुख्यसचिव लीलामणि पौडेलको संयोजकत्वमा उच्चस्तरीय तलब सुविधा आयोग बनाएको थियो ।

उक्त आयोगले सरकारलाई सरकारी कर्मचारीको न्यूनतम तलब ३४ हजार रुपैयाँ पुऱ्याउन सिफारिश गरेको थियो । तर, स्रोतको कारण देखाउँदै आयोगले दिएको सुझाव कार्यान्वयन गरिएन ।

उक्त आयोगले सरकारलाई मर्यादाक्रमअनुसारको तलब, तलब बढाउने मापदण्ड, खर्च घटाउने सुझाव र आम्दानी वृद्धिका उपायसमेत दिएको थियो । उक्त आयोगले तलब दिने निकायको क्षमता अभिवृद्धि गरी निजामती सेवाको तल्लो तहको न्यूनतम तलब मासिक ३४ हजार रुपैयाँ पुग्ने गरी बढाउन सिफारिश गरेको थियो ।

नेपालका सरकारी कर्मचारीको तलब दक्षिण एशियामै कममध्ये पर्ने भएकाले आवश्यक र उपयोग गर्न सक्ने गरी कर्मचारी राख्नुपर्ने र स्रोतसाधनको क्षमता हेरेर उपयुक्त तलब दिनुपर्ने सुझाव आयोगको थियो ।



**अहिलेको बजार मूल्यका आधारमा न्यूनतम ४५ हजार रूपैयाँबाट शुरू गरी सोहीअनुसार कर्मचारीको तलबमान निर्धारण गर्न आवश्यक छ । यसबाहेक ग्रेड रकम र पोशाक भत्ता पनि समयसापेक्ष वृद्धि गर्नुपर्छ ।**

**प्रकाश भट्टराई**
सचिव, नेपाल निजामती कर्मचारी युनियन

यिनै सुझावलाई आधार मानेर अर्थका अधिकारीहरू तलब वृद्धि गर्नेतर्फ लागिपरेका छन् । अर्थ मन्त्रालयका एक उच्च अधिकारीले कर्मचारीको तलब वृद्धि पछिल्लो मूल्यवृद्धिको आधारमा १० देखि १५ प्रतिशत हाराहारीमा गर्ने गरी गृहकार्य भइरहेको जानकारी दिए ।

हालै सरकारद्वारा गठित रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार आयोगले पनि सरकारी कर्मचारीलाई काम गर्न उत्प्रेरणा पुग्ने तलब भत्ता दिन सरकारले नसकेको बताएको थियो । त्यसैले पनि सरकारी कर्मचारीको मनोबल बढाउने गरी तलब वृद्धिको गृहकार्य भइरहेको अधिकारीहरूको भनाइ छ ।

» बाँकी पृष्ठ ५ मा


## 'विद्युत् विधेयक चाँडै पास'

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् विधेयक एक महीनाभित्र संसद्बाट पास गर्ने गरी सरकारले काम गरिरहेको बताएका छन् ।


स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले सोमवार आयोजना गरेको 'इप्पान डेभलपर्स मिट-२०२५' मा उनले विद्युत् विधेयक चाँडो संसद्बाट पास गर्ने गरी सरकारले काम गरिरहेको बताए ।

'निजीक्षेत्रका समस्या सम्बोधन गर्ने गरी ल्याउन लागिएको विद्युत् विधेयक अगाडि बढाउन रातदिन नभनी काम गरिरहेका छौं, एक महीनाभित्र संसद्बाट पास हुन्छ,' मन्त्री खड्काले भने । रासस


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### बाफिया विधेयकमा छलफल

# बैंकर र व्यवसायी छुट्ट्याउने प्रावधानमा व्यवसायीको चर्को विरोध

**अभियान संवाददाता**
काठमाडौं

सरकारले बैंकर र व्यवसायी छुट्ट्याउने गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) मा गरेको संशोधन प्रस्तावमा व्यवसायीले विरोध गरेका छन् । संघीय संसद् प्रतिनिधिसभाको अर्थ समितिले गरेको छलफलमा व्यवसायीले विधेयकका प्रावधान आर्थिक गतिविधि खुम्च्याउने किसिमले आएको र यसले उद्योग व्यवसाय गरी रोजगारी सृजना गर्नेलाई निरुत्साहित गर्ने दाबी गरे ।

बाफिया संशोधन विधेयकमा कुनै बैंक, वित्तीय संस्थामा १ प्रतिशत शेयर रहेको व्यक्तिलाई उल्लेख्य स्वामित्व रहेको व्यक्तिका रूपमा परिभाषित गर्दै उक्त व्यक्ति र उसका परिवारका सदस्यले अन्य बैंक, वित्तीय संस्थाबाट समेत ऋण लिन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ । दफा ५२ संशोधनमा 'बैंक वा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न नपाउने व्यवस्था राखिएको छ ।

यस्तै, ऋण लिने व्यक्ति तथा परिवारलाई बैंक सञ्चालकमा रोक लगाउन विधेयकको दफा १८ संशोधन गरी बैंकको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी व्यावसायिक ऋण लिएको भए सञ्चालक बन्न नपाउने व्यवस्था थप गरिएको छ । सम्बद्ध व्यक्ति वा निजको परिवार वा निज र निजको परिवार सम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण निज सञ्चालक हुन चाहेको बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी भएको अवस्थामा सञ्चालक हुन नपाउने प्रावधान राखिएको छ ।

सोमवार अर्थसमितिको बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले १ प्रतिशतभन्दा बढी शेयर भएको व्यक्तिले कुनै पनि उद्योग व्यवसायका लागि ऋण लिन नपाउने हो भने अधिकांश उद्योग व्यवसाय बन्द हुने दाबी गरे । 'एक प्रतिशतभन्दा बढी शेयर छ भने मैले व्यावसायिक प्रतिष्ठानका लागि कुनै पनि बैंकबाट ऋण लिन नपाउने व्यवस्था गरिएको छ । ऋण लिनुपरेमा मैले भएको शेयर बेच्नुपऱ्यो,' उनले भने, 'यिनीहरूले बैंक पनि आफै चलाएका छन्, ऋण पनि आफै लिएका छन् र व्यापार पनि आफै गरेका छन् भन्ने भाष्य स्थापित गराउन खोजिएको छ, यो नियम लिएर हामी अगाडि बढ्यौं भने राम्रो नतिजा आउँदैन ।' कुनै पनि कानून बनाउँदा र कार्यान्वयन गर्दा भोलिका दिनमा त्यसले पार्ने असरबारे पनि विचार गर्नुपर्ने उनले बताए ।

» बाँकी पृष्ठ ५ मा



**बाफिया विधेयक पुरानो भयो र यसलाई पुनः राष्ट्र बैंक पठाउनुपर्छ । विधेयक पेश गर्दा र अहिले अर्थतन्त्रको कन्टेक्स्ट परिवर्तन भइसकेको छ । यसलाई पुनः मस्यौदा बनाउनुपर्छ ।**

**विनोद चौधरी**
सांसद तथा व्यवसायी




**यिनीहरूले बैंक पनि आफै चलाएका छन्, ऋण पनि आफै लिएका छन् र व्यापार पनि आफै गरेका छन् भन्ने भाष्य स्थापित गराउन खोजिएको छ । यो नियम लिएर हामी अगाडि बढ्यौं भने राम्रो नतिजा आउँदैन ।**

**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



**प्रमोटर शेयरबाट बाहिरिन नदिने, चाहिएका बेला ४ गुणा पूँजी थपेर पैसा हाल भन्ने अनि अहिले बढी शेयर भएकाले कर्जा लिन पाउँदैन भन्नु न्यायोचित हुँदैन । यो व्यवस्था जस्ताको त्यस्तै लागू भयो भने बजारमा उथलपुथल डिजास्टर निम्तिन्छ ।**

**दीपक मलहोत्रा**
वरिष्ठ उपाध्यक्ष
नेपाल चेम्बर अफ कमर्स



## लेटरहेडमा इजाजतपत्र नं उल्लेख गर्न श्रमिक आपूर्ति कम्पनीलाई निर्देशन

काठमाडौं (अस)। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले श्रमिक आपूर्तिकर्ता कम्पनीहरूलाई आफ्नो कम्पनीको लेटरहेडमा अनिवार्य रूपमा इजाजतपत्र नम्बर उल्लेख गर्न निर्देशन दिएको छ। सुरक्षा व्यवसायी संगठन नेपाल र नेपाल श्रमिक आपूर्तिकर्ता संघलाई सम्बोधन गर्दै पठाइएको सूचनामा सम्बन्धित कम्पनीहरूले विभाग तथा मातहतका श्रम तथा रोजगार कार्यालयहरूमा दर्ता भएको इजाजतपत्र नम्बर लेटरहेडमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने व्यवस्थाका लागि संस्थागत तहबाट अग्रसरता लिन निर्देशन दिइएको छ। सूचनामा भनिएको छ, 'उक्त व्यवस्थाका लागि तत्काल आवश्यक पहल गरिदिनुहुन आदेशानुसार अनुरोध छ।' श्रम आपूर्ति क्षेत्रलाई थप व्यवस्थित र पारदर्शी बनाउन यो पहल गरिएको बताइएको छ।

**विशेष साधारण सभाको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०२/१३ गते**

कम्पनी ऐन २०६३ को दफा ६७ (१) बमोजिम यस म्याक्स भिजन लिमिटेडको विशेष साधारण सभा तपशिलको स्थान, मिति र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर होल्डरहरुलाई सूचित गरिन्छ।

**मिति :** २०८२/०२/३०

**समय :** बिहान ११ बजे।

**स्थान :** म्याक्स भिजन लिमिटेडको कार्यालय, का.म.न.पा. ३०, काठमाडौं।

**विशेष प्रस्तावहरु :**

१. लिक्विडेटरको प्रगति विवरणको छलफल बारे,
२. लिक्विडेटरको पुनः नियुक्ति र पारिश्रमिक बारे,
३. विविध।

**सि.ए. भानु कंडेल, लिक्विडेटर**

# काँक्रा बेचेरै महीनाको १ लाख कमाइ

तम्घास। देशमा रोजगार नभएर अधिकांश युवा विदेश पलायन भइरहेका वेला गुल्मीका एक युवाले भने गाउँमै कृषिमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन्। गुल्मीको छत्रकोट गाउँपालिका-५ खर्ज्याङका ४० वर्षीय विष्णु भण्डारीले बाँझो जमीन सदुपयोग गर्दै कृषि पेशामा छलाङ मारेका हुन्। खर्ज्याङको ४५ रोपनी जग्गामा उनले काँक्रा, लौका, तोरिया, फर्सी, खुर्सानीलगायत तरकारी लगाएका छन्। खुकुरापालनसँगै मासु व्यवसायसमेत गरेका भण्डारीको मुख्य पेशा काँक्रा खेती हो।

२०७२ सालमा घरेलु तथा साना उद्योग विकास कार्यालयमा 'पूर्णिमा कृषि तथा पशुपक्षी फार्म' दर्ता गरेर व्यवसाय शुरू गरेका भण्डारीले गत वर्षमात्रै रू. ७ लाखको काँक्रा विक्री गरे। शुरुआती चरणमा थोरैथोरै उत्पादन गरे पनि अहिले व्यवसाय फस्टाएको भण्डारी बताउँछन्। 'गतवर्ष २ हजार बोटमा फलेका काँक्राबाट रू. ७ लाख आम्दानी भयो,' उनले भने, 'यो वर्ष १० हजार बिरुवा लगाएको छु, उत्पादन भएका सबै काँक्रा विक्री हुँदा रू. ३० लाख आम्दानी हुन्छ।'

दुई वर्ष अगाडिसम्म काँक्राको मूल्य प्रतिकेजी रू. ४० सम्म रहेको थियो। तर गतवर्ष मूल्य बढेर रू. १४० सम्म पुग्यो, जसले गर्दा उनको आम्दानी पनि बढेको छ। गतवर्ष भएको आम्दानीबाट प्रेरित भएर यो वर्ष बिरूवा थपेको भण्डारीले बताए।

यो सिजनका लागि पनि काँक्रा तयार भइसकेका छन्। गत मङ्सिर ३० गते रोपेका काँक्रा चैत १० देखि विक्री शुरू भएको थियो। अहिलेको सिजनमा मात्रै उनले ३ सय क्विन्टल काँक्रा विक्री गरिसकेका छन्। अहिले फलेका काँक्रा सके अहिले नै सबै विक्री गर्ने, नभए पाकेका पहेंला काँक्रा दशैं-तिहारको समयमा अचारको लागि विक्री गर्ने उनले बताए।

दशैं-तिहारमा पनि विक्री नभए बीउका लागि प्रयोग गर्ने भण्डारीको भनाइ छ। यो सिजनमा उनको एउटै बगैंचाबाट दैनिक १० क्विन्टलसम्म काँक्रा विक्री भइरहेको छ। भण्डारीले काँक्रासँगै



बेमौसमी मकै उत्पादन, कुखुरापालन र दुई पोखरीमा मत्स्यपालन पनि गरेका छन्। काँक्रा विक्रीबाट मात्रै सिजनमा मासिक रू. १ लाख आम्दानी हुने र सबै व्यवसायको आम्दानीबाट खर्च कटाउँदा महीनामा रू. १ लाखभन्दा बढी बचत हुने गरेको उनले सुनाए।

अहिलेको गर्मी मौसम भएकाले काँक्रो अत्यधिक विक्री भइरहेको छ। आगामी असारसम्म काँक्रो विक्री हुने सिजन छ। गर्मी सिजन शुरू भइसक्दा यसपटक बाहिरबाट जिल्लामा काँक्रो भित्रिसकेको छैन। जसले गर्दा बजारमा काँक्रोको माग अत्यधिक छ।

भण्डारीले यसपटक ४ सय क्विन्टल काँक्रो उत्पादन गर्ने लक्ष्य लिएका छन्। उनले अहिले बेमौसमी काँक्रोका थप १ हजार बिरुवा लगाइसकेका छन्। उनको काँक्रा स्थानीय बजारका साथसाथै तम्घास, पाल्पा, बुटबल र काठमाडौंसम्म पुग्ने गरेको छ। उनलाई घरपरिवारको पनि पूर्ण साथ मिलेको छ। घरपरिवारका चार जनाबाहेक थप चारजनालाई मासिक तलबमा रोजगारीसमेत दिएका छन्। भण्डारीको लोभलाग्दो कामले जिल्लाका अन्य युवा किसानलाई समेत हौसला मिलेको छ। 'गर्न सके गाउँमै थुप्रै सम्भावना छन्,' भण्डारीले भने। *रासस*

## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
**Deprosc Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

CRO Reg. No. 767/057/58 PAN No.: 301235073

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैतीस) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८२/०२/१३ गते सोमवार)

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले यस वित्तीय संस्थासँग गरको सम्भौता तथा लिखत बमोजिम सो कर्जा रकमको साँवा र ब्याजको रकम नियमित/चुक्ता फछ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी कर्जा तिर्न बुझाउन बाँकी रहको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न/गराउनु हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरको खण्डमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गराइनुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| | | | | | | | | | | | धितोको विवरण | | | | | जमानी कर्ताको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | शाखाको नाम | ऋणीको नाम | सदस्यता नं. | कर्जा नं | उद्देश्य | बाबुको नाम | पतिको नाम | ससुरा/बाजेको नाम | ऋणीको ठेगाना | ना.प्र.नं/जिल्ला | जग्गाधनीको नाम | जग्गाधनीसँगको नाता | धितोको ठेगाना | कित्ता नं. | धितोको क्षेत्रफल (व.मि.) | नाम | ना.प्र.नं/जिल्ला | बाबु/श्रीमान् को नाम | बाजे/ससुराको नाम | ठेगाना | ऋणीसँगको नाता |
| १ | मुर्ली, पर्सा | छठिया देबी तत्मीन | ००८१०९०१०४ | ००८१४०५१७७ME | किराना | महाविर दास तत्वा | चनमन दास तत्वा | भोला दास तत्वा | भौवागुठी ७, पर्सा | ४०८२१३१२ पर्सा | मुनिलाल दास तत्वा छठिया देबि | बुढा ससुरा/आफै | भौवागुठी ७, पर्सा | ९६७,३९६ | ८४.६५ र १६९.३० | | | | | | |
| २ | मुर्ली, पर्सा | जयमती देवी | ००८१११०१०४ | ००८१४०३९५४ME | सेन्ट्रिङ्ग | राम सेवक महरा | सोनालाल महरा चमार | स्व. हरिहर महरा | बहुदरामाई न.पा. ७, पर्सा | ३४१०१४/८२ पर्सा | जयमती देवी | स्वयम् आफै | भौराटार ६, पर्सा | १३३४ | ०-०-६-१३ | | | | | | |
| ३ | मुर्ली, पर्सा | मिरा कुमारी साह | ००८१०६०३०६ | ००८१४०६०२५ME | टेन्ट हाउस | रामजी सा तेली | संजय प्रसाद साह | शिव नारायण साह तेली | बहुदरामाई न.पा. ८, पर्सा | ३४-०१-७८-०९६८० पर्सा | संजय प्रसाद साह | पति | रामनगरी २, पर्सा | १, २६८, १८४ | ११८५.१९ | | | | | | |
| ४ | मुर्ली, पर्सा | मैथिला देबि मलाहिन | ००८१२४०१०३ | ००८१४०५९३४ME | तरकारी ब्यापार | भागरासन सहनी मलाह | जगनाथ सहनी मलाह | देब शरण सहनी मलाह | बहुअर्वा भाठा ५, पर्सा | ४२५० पर्सा | मैथिला देबि मलाहिन | स्वयम् आफै | बहुअर्वा भाठा ५, पर्सा | ३५९ | ११८५.१९ | | | | | | |
| ५ | मुर्ली, पर्सा | रंजन देबि | ००८१२५०२०६ | ००८१४०४७१०ME | स्टीलको काम | गोपाल पाण्डे | दिप नारायण द्विवेदी | नन्द किशोर द्विवेदी | भौराटार ५ , पर्सा | ३४-०१-७४-०१९२८ पर्सा | रंजन देवी | स्वयम् आफै | भौराटार ६, पर्सा | १८१२ | ११८.५१ | | | | | | |
| ६ | मुर्ली, पर्सा | प्रमिला देवी | ००८११३०३०७ | ००८१४०४१४७ME | पसु ब्यापार | शिवपुजन राउत | हिर्दनारायण प्रसाद यादव | मंगल राउत अहीर | बहुदरामाई ७, पर्सा | २८४ पर्सा | हिर्दनारायण प्र. यादव | पति | भौराटार ६, पर्सा | १८२७ | १७२७.०१ | | | | | | |
| ७ | मुर्ली, पर्सा | मालती देवी | ००८११३०२०३ | ००८१४०५६६९ME | गाडि मर्मत | ओकिल प्रसाद | शेष नाथ प्रसाद यादव | लक्ष्मी राउत अहीर | बहुदरामाई ७, पर्सा | २८३ पर्सा | शेष नाथ प्रसाद यादव | पति | भौराटार ६, पर्सा | ५३९ | १०१५.८९ | | | | | | |
| ८ | मुर्ली, पर्सा | चनरावती देवी | ००८१०६०४०१ | ००८१४०४०६५ME | सेन्ट्रिङ्ग | लक्ष्मण राउत कुर्मी | मनबोध राउत कुर्मी | दरोगा राउत कुर्मि | बहुदरामाई ८, पर्सा | ३४३०६७/१३१ पर्सा | चनरावती देवी | स्वयम् आफै | रामनगरी ९, पर्सा | ४७० | ०-१-८-१४ | | | | | | |
| ९ | मुर्ली, पर्सा | लालपरी देवी | ००८१०८०५०३ | ००८१४०४०९१ME | माछा ब्यापार | मंगल राउत कुर्मी | बलीराम राउत कुर्मी | शिवालक राउत | बहुदरामाई ८, पर्सा | ७६६७०६०७ पर्सा | बलीराम राउत कुर्मी | पति | रामनगरी ७, पर्सा | ६४३ | १०१५.८९ | | | | | | |
| १० | मुर्ली, पर्सा | उम्रावती देवी | ००८०८२०५०१ | ००८१४०४४७३ME | गाडि खरिद | कन्हाई राउत | राम आधार प्रसाद कुर्मी | राम अजोध्या राउत | भलुही भर्वलिया १, पर्सा | ३३१८४३/४२९/११२ बारा | उम्रावति देवी | स्वयम् आफै | भलुही भर्वलिया १, पर्सा | ५९३ | ५०७.९३ | मुकेश कुमार कुर्मी | ३३३०९२/१०५४ बारा | राम आधार प्रसाद कुर्मी | राम अजोध्या राउत | भलुही भरवलिया १, पर्सा | छोरा |
| ११ | मुर्ली, पर्सा | मैना कुमारी कुर्मिन | ००८०८००२०२ | ००८१४०५६७२ME | सेन्ट्रिङ्ग | जमुना राउत कुर्मी | डोलेन्द्र राउत कुर्मी | गोपी राउत | बहुअर्वा भाठा ८, पर्सा | ०५२३१९३९ पर्सा | मैना कुमारी कुर्मिन | स्वयम् आफै | बहुअर्वा भाठा ८, पर्सा | ४०२ | १३५४.५२ | | | | | | |
| १२ | मुर्ली, पर्सा | चिन्ता मुनि देवी लोहार | ००८०१६०५०१ | ००८१४०५१०२ME | अटो खरिद | राम अशिष ठाकुर | राज किशोर ठाकुर | बद्री ठाकुर | बर्वागोग ५, पर्सा | ३६१२१०४७ पर्सा | चिन्ता मुनि देवी लोहार | स्वयम् आफै | बर्वागोग ३ | ७९२ | १०१.५८ व.मि. | | | | | | |
| १३ | मुर्ली, पर्सा | रन्जु कुमारी देवी | ००८१७१०१०१ | ००८१४०३४६५ME | सेन्ट्रिङ्ग | नागेन्द्र राउत कुर्मी | मुकेश कुमार कुर्मी | राम आधार प्रसाद कुर्मि | भलुही भरलिया १, पर्सा | ३३-०१-७५-०५६८० बारा | उम्रावती देवी | सासु | भलुही भर्वलिया १, पर्सा | ४८६ | ८४.६५ व.मि. | | | | | | |
| १४ | मुर्ली, पर्सा | मिना देवी कानु | ००८१०९०३०६ | ००८१४०६१७६ME | किराना पसल | गेना साह | कमल साह कानु | बबड साह कानु | भौवागुठी ६, पर्सा | ४०८२२३८३ पर्सा | मिना देवी कानु | स्वयम् आफै | भौवागुठी २, पर्सा | ८१, ३८५, १७१, २८६ | १६९.३०,५९२.५८, ६७७.२६, ७७८.८४ | मधु कुमार | ३४-०१-७०-०५७५९, पर्सा | कमल साह कानु | बबड साह कानु | भौवागुठी ६, पर्सा | छोरा |
| १५ | मुर्ली, पर्सा | रम्भा देवी | ००८१०९०२०१ | ००८१४०५८०७ME | किराना पसल | बबन दास तत्वा | शम्भु दास तत्वा | गोखुल दास तत्वा | भौवागुठी ६, पर्सा | ६५१० पर्सा | रम्भा देवी | स्वयम् आफै | भौवागुठी २, पर्सा | ३८९ | १६९.३० | | | | | | |
| १६ | मुर्ली, पर्सा | मन्जु देवी कनुईन | ००८१०९०३०६ | ००८१४०६१७६ME | खाध ब्यापार | शंकर साह कानु | मंगल साह कानु | बबड साह कानु | भौवागुठी ६, पर्सा | १०७८, पर्सा | मंगल साह कानु | पति | भौवागुठी ६, पर्सा | ३८६, ९० | ११००.५४/ १०१५.८९ | | | | | | |
| १७ | मुर्ली, पर्सा | प्रभा कुमारी | ००८१७१०१०३ | ००८१४०५१९७ME | सेन्ट्रिङ्ग | शिवचन राउत | गुलगुल राउत पटेल | चुल्हाई राउत | भलुही भरर्वलिया २, पर्सा | ३३१०९२/२०१८ बारा | गुलगुल राउत पटेल | पति | भलुही भर्वलिया २, पर्सा | ५२ | ८४.६५ | | | | | | |
| १८ | मुर्ली, पर्सा | सुनिता देवी | ००८११००४०४ | ००८१४०५५७८ME | कस्मेटिक पसल | सीतम पटवा | ओम प्रकाश दास | सन्त दास पटेहर | भौवागुठी ६, पर्सा | ३४३०४०/३९ पर्सा | सुनिता देवी | स्वयम् आफै | भौवागुठी ६, पर्सा | ५६९ | ५६२.९६ | | | | | | |
| १९ | मुर्ली, पर्सा | चन्दा देवी | ००८११००१०८ | ००८१४०६७९८ME | खाध ब्यापार | मनिफ साह | विनोद प्रसाद कानु | अशोक कुमार सा कानु | भौवागुठी ६, पर्सा | ३४-०१-७३-०२२२९ पर्सा | अशोक कुमार सा कानु | ससुरा | भौवागुठी ६, पर्सा | ६१२ | ६४३.३७ | बिरेन्द्र साह | ३४-०१-७३-०२२४९ पर्सा | अशोक कुमार सा कानु | राम अवतार सा कानु | भौवागुठी ६, पर्सा | देवर |
| २० | मुर्ली, पर्सा | सगुन तारा खातुन | ००८१४५०२०१ | ००८१४०३१८२ME | सेन्ट्रिङ्ग | राजदिन देवान | गफार देवान | महमद हुसेन देवान | लिपनीमाल ८, बारा | ३३३७९५/१५ पर्सा | गफार देवान | पति | लिपनीमाल ८, पर्सा | ३०२ | ४२.३४ | | | | | | |
| २१ | मुर्ली, पर्सा | लिलावती देवी | ००८१३९०२०९ | ००८१४०३४३८ME | सेन्ट्रिङ्ग | सुरूज साह कानु | बैजनाथ साह कानु | भगरू साह कानु | रामपपर टोकनी ४, बारा | ३३३०९७/१६५ पर्सा | बैजनाथ साह कानु | पति | बुनियाद, ३ | २९५, २९७ | ०-०-१.०५ / ०-०-३.०७५ | | | | | | |
| २२ | मुर्ली, पर्सा | छठिया कुमारी देवी | ००८१३९०१०७ | ००८१४०३४४३ME | सेन्ट्रिङ्ग | दरोगा राउत खुलवट | दिलीप कुमार महतो | चोकट महतो खुलवट | रामपपर टोकनी ४, बारा | ३३३०९७/१९२ पर्सा | छठिया कुमारी देवी | स्वयम् आफै | भवानीपुर पर्सा | ८९० | ०-१-०-० | | | | | | |
| २३ | मुर्ली, पर्सा | अनिता देवी | ००८१२१०५०५ | ००८१४०५००५ME | सेन्ट्रिङ्ग | सिताराम महरा | मदन महरा | भगिरथ महरा चमार | बहुअरवा भाठा ४, पर्सा | ३४३००७/१८१ पर्सा | मदन महरा | पति | बहुअर्वा भाठा ४, पर्सा | १००७ | ११०.०६ | | | | | | |
| २४ | मुर्ली, पर्सा | रिता देवी तुरहीन | ००८१२२०१०१ | ००८१४०५४७०ME | माछा ब्यापार | शिपचन साह तुरहा | जगत तुरहा | चैतु साह तुरहा | बहुअरवा भाठा ६, पर्सा | ३४१००७/५३ पर्सा | रिता देवी तुरहीन | स्वयम् आफै | बहुअरवा भाठा ६, पर्सा | ८०४, ८०६ | ११८.४८ र १३५.४२ | | | | | | |
| २५ | मुर्ली, पर्सा | राधिका देवी | ००८१२२०२०२ | ००८१४०४०७५ME | सेन्ट्रिङ्ग | बागड साह तुराहा | भविछन साह तुरहा | मनिचन साह तुरहा | बहुअरवा भाठा ६, पर्सा | ३४३००७./९७ पर्सा | राधिका देवी | स्वयम् आफै | बहुअरवा भाठा ६, पर्सा | ९१५, १०१७ | ६७.७२ र १३५.४४ | | | | | | |
| २६ | सिसौट, सर्लाही | शोभा कुमारी देवी | १०९०१२०३०१ | १०९१४०००३०ME | किराना पसल | नगेन्द्र हजारी | विनोद हजारी | अमिरी हजारी दुसाध | सेखौना -९ | १९-०१-७१-००४४३ सर्लाही | शोभा कुमारी देवी | स्वयम् आफै | सिसौट ७, सर्लाही | १०५९ | ०-०-१० | राम अजोधी राय यादव | १९३०६८/५२५ सर्लाही | रामाकान्त राय | | सेखौना -९, सर्लाही | देवर |
| २७ | परासी, नवलपरासी | आशा देवी हरिजन | ०१२१२३०३०६ | ०१२१४०००७१ME | तरकारी ब्यापार | सुवास हरिजन | भोला प्रसाद हरिजन | सुकई हरिजन | सरावल ७, नवलपरासी | ३६३०६२/६० नवलपरासी | बरसाती हरिजन | सासु | सरावल ७, नवलपरासी (ब.सु.प) | ८३३ | २७०.९१ | | | | | | |
| २८ | परासी, नवलपरासी | खलिकुन निशा | ०१२१८४०१०५ | ०१२१४०००९२ME | पशु ब्यापार | मोहम्मदीन अंसारी | मुहम्मद समसिर आलम | मुसकिल कुशा | पाल्हीनन्दन ५, नवलपरासी (ब.सु.प) | ६३-०१-७६-०४०४९ नवलपरासी | मुश्किल कूसा | ससुरा | गेरमी ६, नवलपरासी (ब.सु.प) | ८६२ | ९९०.३३ | जुलफेकर अहमद | ३६१०६५/१८० नवलपरासी (ब.सु.प) | मुसकिल कुशा | | गेरमी ६,नवलपरासी (ब.सु.प) | जेठाजु |
| २९ | परासी, नवलपरासी | आविना खातुन | ०१२१८४०१०४ | ०१२१४०००९०ME | पशु ब्यापार | सिराजुद्दीन | मोहमद गैसुद्दिन | मुर्शकिल कुश्हा | पाल्हीनन्दन ५, नवलपरासी (ब.सु.प) | ३६-०१-७७-०२६२९ नवलपरासी | सरिफुन नेसा | सासु | गेरमी ६, नवलपरासी (ब.सु.प) | ३३३ | २८९७ | मोहमद गैसुद्दिन | ४२१३५ नवलपरासी (ब.सु.प) | मुर्शकिल कुश्हा | | गेरमी ६, नवलपरासी (ब.सु.प) | पति |
| ३० | परासी, नवलपरासी | कुन्ति गुप्ता तेली | ०१२०१३०१०३ | ०१२१४०००५७ME | दुध ब्यापार | जगन गुप्ता | विष्णु दयाल तेली | जमुना तेली | रामग्राम ४, नवलपरासी | ३६३०६९/१७९ नवलपरासी | विष्णु दयाल तेली | पति | मंर्झरिया ३, नवलपरासी (ब.सु.प) | ३७६ | ३०४.७२ | विष्णु दयाल तेली | १/१३१२ नवलपरासी | जमुना तेली | | परासी ६, नवलपरासी | पति |
| ३१ | परासी, नवलपरासी | एकाउती देवी | ०१२१८३०१०४ | ०१२१४०००६३ME | तरकारी ब्यापार | उमा मिश्रा | शिवनाथ पाण्डे | देवी पाण्डे | पाल्हीनन्दन ५, नवलपरासी | १/११० नवलपरासी | एकाउती देवी पाण्डे | स्वयम् आफै | गेरमी ७, नवलपरासी (ब.सु.प) | १३ | २१६.७५ | शिवनाथ पाण्डे | ४४५/४४८/८४५ नवलपरासी | देवी पाण्डे | | परासी ६, नवलपरासी | पति |
| ३२ | परासी, नवलपरासी | अन्जनी चमार | ०१२१५००११२ | ०१२१४०००६९ME | पशु ब्यापार | शंकराम चमार | विजय हरिजन | प्रहलाद चमार | बोदबार ८, रूपन्देही | ३७-०१-७१-०९६३५ रूपन्देही | प्रहलाद चमार | ससुरा | पर्सा २/१, रूपन्देही | १४,७४ | ३०४.७२, १४०५.३५ | विजय हरिजन | ३७१०११/ २९५८७ रूपन्देही | प्रहलाद चमार | | बोदबार ८, रूपन्देही | पति |
| ३३ | परासी, नवलपरासी | हंशु चौधरी | ०१२१०७०१०१ | ०१२१४०००७२ME | खुद्राव्यापार | रामधर प्रसाद थारू | अवधेश वनिया | सहलाद वनिया | अमरौट ९, नवलपरासी | ३६१०७३१३९ नवलपरासी | सहलाद वनिया | ससुरा | अमरौड ९, नवलपरासी (ब.सु.प) | ३८० | ३३८.६३ | अवधेश वनिया | ८८२०१ नवलपरासी | सहलाद वनिया | | बन्जरिया १, नवलपरासी | पति |
| ३४ | परासी, नवलपरासी | मेवाती देवी हरिजन | ०१२०८००१०२ | ०१२१४०००६१ME | अन्य सेवा | लालमन प्रसाद हरिजन | मोहन प्रसाद हरिजन | जुग्गुन हरिजन | अमरौट ६, नवलपरासी | ८६१८८ नवलपरासी | मेवाती देवी हरिजन | स्वयम् आफै | पर्सा ३, रूपन्देही | १८७, ७६४, ५२६, १७७ | १८६.२२, १३५४.५६, ३५५.५१, १३५.४३ | मोहन प्रसाद हरिजन | ८००७१ नवलपरासी | जुग्गुन हरिजन चमार | | अमरौठ ६, नवलपरासी | पति |
| ३५ | परासी, नवलपरासी | रेशमी देवी हरिजन | ०१२०८००२०१ | ०१२१४०००५९ME | कुखुरापालन | बेचन चमार | टन्टु हरिजन | हुसेनी हरिजन | अमरौट ६, नवलपरासी | ३६१०७३/३८ नवलपरासी | टन्टु हरिजन | पति | अमरौड ६, नवलपरासी (ब.सु.प) | ९६ | ८६.८ | टन्टु हरिजन | ८४१८६ नवलपरासी | हुसेनी हरिजन | | अमरौठ ६, नवलपरासी | पति |
| ३६ | परासी, नवलपरासी | बुधनी देवी हरिजन | ०१२०७१०४०१ | ०१२१४०००७८ME | कृषि | अमोध्या चमार | सिताराम हरिजन चमार | सन्तराज चमार | देवगाव ५, नवलपरासी | ८५९१५ नवलपरासी | बुधनी देवी हरीजन | स्वयम् आफै | देवगाउ ५, नवलपरासी (ब.सु.प) | ८२ | ४४.५७ | | | | | | |
| ३७ | गजुरी, धादिङ | सीता थापा मगर | ०१९०८००२०१ | ०१९१४००२२६ME | बाख्रा पालन | टेक बहादुर थापा मगर | नारायण बहादुर घले | लाल बहादुर घले | बोर्लाङ १, गोरखा | १०८६९९ गोरखा | नारायण बहादुर घले | पति | कुम्पुर ९/६, धादिङ्ग | ६, ७४, २८१, ७१ | २५४.३२, ३०४, १३०३.५९, ३९९.३७ | | | | | | |
| ३८ | गजुरी, धादिङ | सानीमाया तामाङ | ०१९०८६०११० | ०१९१४००१३९ME | तरकारी खेती | सिंह बहादुर तामाङ | हर्क बहादुर तामाङ | तेज बहादुर तामाङ | बैरेनी ८, धादिङ | ३/३२३५ धादिङ्ग | तेज बहादुर तामाङ | ससुरा | बैरेनी ६, धादिङ | २६ | ३७४९.९७ | | | | | | |
| ३९ | गजुरी, धादिङ | शर्मिला चेपाङ | ०१९०४८०४०३ | ०१९१४००२११ME | तरकारी खेती | बल बहादुर प्रजा | चन्द्रबहादुर प्रजा | कुल बहादुर प्रजा | बेनीघाट रोराङ्ग गा.पा.डुक्राङ, धादिङ | ३८५ धादिङ्ग | चन्द्र बहादुर प्रजा | पति | बेनीघाट २, धादिङ्ग | १९३, १९६ | १९४७.५२, ३३४२.५८ | | | | | | |
| ४० | गजुरी, धादिङ | अस्मिता प्रजा | ०१९०३५०६०६ | ०१९१४००२३९ME | तरकारी खेती र बाख्रा पालन | लाल बहादुर प्रजा | राज कुमार प्रजा | दल बहादुर प्रजा | गजुरी ३, धादिङ्ग | २६-०१-७५-००९४९ धादिङ्ग | राज कुमार प्रजा | पति | गजुरी ६, धादिङ्ग | १३८ | ५०८.७४ | | | | | | |
| ४१ | जिरीखिम्ती, तेह्रथुम | रीता लिम्बु | ०९८००६०१०९ | ०९८१४०००१८ME | होटल ब्यसाय | जितेन वासुमतरी | पूर्ण बहादुर लिम्बु | ओमनाथ | सिम्ले ५, तेह्रथुम | ०८१०२३/४८ तेह्रथुम | रीता लिम्बु | स्वयम् आफै | जलजले १, तेह्रथुम | ८२० | २०३४.९६ | पूर्ण बहादुर लिम्बु | १६२०/७१३ तेह्रथुम | ओमनाथ | | जलजले ८, तेह्रथुम | पति |
| ४२ | केर्खा बजार, झापा | सुजता फागो | ०९९१३३०१०३ | ०९९१४०००३५ME | बिजुली पसल | चन्द्र प्रसाद राई | बिक्रम फागो | इन्द्रध्वज फागो | चुलाचुली १, इलाम | ०३-०१-७६-०२१७९ इलाम | बिक्रम फागो | पति | चुलाचुली १, ईलाम | ६७७ | ६३९.६९ | | | | | | |
| ४३ | नयाँचोहर्वा, सिराहा | सावाना खातुन | ०९४१२२०१०५ | ०९४१४०००४८ME | इलोक्ट्रोनिक्स पसल | सहिद राईन | मो. नसिम राईन | मो. सफिद राईन | नरहा ३, सिराहा | १५-०१-७४-०६११९ सिराहा | रजाक मिया | हजुरबुवा | चन्द्रयोध्यापुर १, सिरहा | ८९६ | ३३८.६३ | | | | | | |
| ४४ | पर्सा चितवन | गंगा श्रेष्ठ | ०३०२०९०१०६ | ०३०१४००१२८ME | इटा ब्यापार | पहलमान श्रेष्ठ | काली बहादुर श्रेष्ठ | कृष्णलाल श्रेष्ठ | चैनपुर ७, चितवन | ३५३०१५/२८८ चितवन | गंगा श्रेष्ठ | स्वयम् आफै | चैनपुर ८, चितवन | ९५३ | ३०४.७४ | प्रकाश श्रेष्ठ | ३५-०१-७१-०९२०३ चितवन | कालि बहादुर श्रेष्ठ | | खैरहनी २, चितवन | छोरा |
| ४५ | पर्सा चितवन | रविना कुंवर दराई | ०३००७८०५०५ | ०३०१४००१३५ME | कृषि | दुर्गा बहादुर कुंवर | सन्त बहादुर दराई | काल बहादूर दराई | खैरहनी २, चितवन | ३५-०१-७२-०३६९६ चितवन | सन्त बहादुर दराई | पति | चैनपुर ४, चितवन | २८८७ | ५४१.८१ | सन्त बहादुर दराई | ३३२/०४४ चितवन | काल बहादुर दराई | | चैनपुर ३, चितवन | पति |
| ४६ | तुम्लिङ्टार, संखुवासभा | सम माया राई | ०९७००७०१११ | ०९७१४०००१६ME | होटल | जुद्ध बहादुर राई | रेश कुमार राई | जय बहादुर राई | दिदिङग ४, संखुवासभा | १०१००८-८० संखुवासभा | सममाया राई | स्वयम् आफै | माल्टा ६, संखुवासभा | ३२९, ३३८, ३३९ | १८१०, २५१०, ३०३० | | | | | | |
| ४७ | चन्दननाथ, जुम्ला | राज कुमारी रोकाया | ०७३०७५०१०९ | ०७३१४०००२२ME | खुद्रा पसल | लालविर रोकाया | जगत बुढा | कालो बुढा | हिमा ३, जुम्ला | ६०-०२-७६/०१९५ जुम्ला | कालो बुढा | ससुरा | तातोपानी ७, जुम्ला | २१३, ३३२, ५८५, ३५३, १०७२, ३२० | ११९, १२४, १६१, १५४, १३९, १७६ | कालो बुढा | ४३५४ जुम्ला | बिरे बुढा | करे बुढा | तातोपानी ४, जुम्ला | पति |
| ४८ | चन्दननाथ, जुम्ला | देवमाया बुढथापा | ०७३१३००१०३ | ०७३१४०००३७ME | कृषि | दल बहादुर थापा | खड्क बहादुर बुढथापा | गणेस बहादुर बुढथापा | चन्दननाथ ४, जुम्ला | ६०/९८९ जुम्ला | देवमाया बुढथापा | स्वयम् आफै | चन्दननाथ ३/४, जुम्ला | १९, २७२ | ३२१२, २६५ | | | | | | |
| ४९ | चन्दननाथ, जुम्ला | गौकला धराला | ०७३०३७०१०१ | ०७३१४०००२०ME | खुद्रा पसल | धन बिरे धराला | खड्क रावल | कविदत्त रावल | तातोपानी ३, जुम्ला | ६०३०१४-४९८ जुम्ला | गौकला धराला | स्वयम् आफै | तातोपानी २/१, जुम्ला | ६९६, ४७५, ४०८, ५०२, ३८५, ७५४, १०१, ८७, ८८ | ७५, ७९, ५३, ३५, ११४, २६५, ६९, ६१, १२४ | | | | | | |
| ५० | चन्दननाथ, जुम्ला | शिवकला न्यौपाने | ०७३०१५०११८ | ०७३१४००००४ME | खसी ब्यापार | जय अधिकारी | हरि प्रसाद न्यौपाने | मोतीराम न्यौपाने | चन्दननाथ १५, जुम्ला | ६०-०१-७२-००६७० जुम्ला | हरि प्रसाद न्यौपाने | पति | कार्तिकस्वमी ५, जुम्ला | २०५ | १३६.६६ | हरि प्रसाद न्यौपाने | ६०३०१०/३२ जुम्ला | मोतीराम न्यौपाने | | कार्तिकस्वमी ५, जुम्ला | पति |



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**चोभारको बागमती किनारमा बाढी नियन्त्रण संरचना मर्मतमा खटिएका मजदूरहरू । वर्षाको समय शुरू भएपछि काठमाडौं उपत्यकाको पानी धेरै बगेर आउँदा किनार पनि धेरै बिग्रने गर्दछ ।**

# यामाहाको 'नेसनल सर्भिस स्किल कन्टेस्ट २०८२' सम्पन्न

काठमाडौं (अस) । यामाहा नेपालले देशभरिका उत्कृष्ट यामाहा प्राविधिकहरूको उत्सवस्वरूप 'नेसनल सर्भिस स्किल कन्टेस्ट २०८२' सम्पन्न गरेको छ । देशैभर आयोजित क्षेत्रीय प्रतियोगिताबाट छनोट भएका दक्ष प्रविधिकहरू यो प्रतियोगितामा सहभागी भएका थिए, जसले यामाहाको सर्भिस नेटवर्कको उच्चतम स्तरको प्रतिनिधित्व गरेको कम्पनीको भनाइ छ । काठमाडौंस्थित यामाहाको तालीम केन्द्रमा सम्पन्न प्रतियोगिताका सहभागीलाई यामाहाको प्रख्यात सेवा उत्कृष्टताको लागि आवश्यक पर्ने विस्तृत दायराका शीपको परीक्षण गर्न प्रतियोगिता डिजाइन गरिएको बताइएको छ । प्रतियोगितामा सहभागीहरूले प्राविधिक परीक्षण, यान्त्रिक मूल्यांकन, समस्याको पहिचान गर्ने च्यालेन्ज, लिखित परीक्षा र भाइभा लगायतका चरणहरू पार गरेको बताइएको छ ।




सो अवसरमा एमएडब्ल्यू राइड्सका कार्यकारी निर्देशक तथा सीईओ दीपककुमार अग्रवालले यामाहा एउटा ब्रान्ड मात्र नभई नवीनता, प्रदर्शन र सटिकताले भरिएको उच्च प्रविधियुक्त मोबिलिटी समाधान भएको बताए । 'हरेक उत्कृष्ट यामाहा अनुभवको पछाडि एउटा दक्ष प्राविधिक हुन्छ, जसले हरेक यात्रा सहज र सुरक्षित बनाउँछ,' उनले भने, 'जनशक्तिमा लगानी गर्न दृढ रहँदै हामी उनीहरूलाई सही उपकरण, तालीम र अवसरहरू प्रदान गरेर सक्षम बनाउँदैछौं ।'

## जोमसोममा एमएडब्ल्यू वृद्धि स्पीड चार्जर्सको चार्जिङ स्टेशन

काठमाडौं (अस) । एमएडब्ल्यू वृद्धि स्पीड चार्जर्सले जोमसोममा सीसीएस२ इलेक्ट्रिक भेहिकल (ईभी) चार्जिङ स्टेशन औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ, जुन उच्च भूभागमा रहेका चार्जिङ स्टेसनको रूपमा समावेश भएको कम्पनीको भनाइ छ । यो उपलब्धिले दुर्गम र कठिन भौगोलिक स्थानमा पनि ईभी पूर्वाधार विकासमा कम्पनीको महत्त्वपूर्ण भूमिका पुष्टि गरेको दाबी गरिएको छ ।

जोमसोममा स्थापना गरिएको चार्जिङ स्टेसन केवल इन्जिनियरिङ उपलब्धि मात्र नभई नेपालमा ईभी विकासको शुरुआती कदम भएको कम्पनीको भनाइ छ । यस्तो उच्च स्थानसम्म सीसीएस२ चार्जिङ सुविधा पुगेकाले ईभी प्रयोगकर्ताले सुरक्षित




रूपमा यात्रा गर्न र ग्रिनर नेपाल निर्माणमा योगदान दिन सक्ने अपेक्षा गरिएको छ । कम्पनीले हाल नेपालभर ११६ स्थानमा रणनीतिक रूपमा राखिएका सीसीएस२ चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको बताइएको छ । यस पहलले ईभी पूर्वाधार सुदृढ गर्नुका साथै जोमसोमजस्तो लोकप्रिय पर्यटकीय गन्तव्यमा दिगो पर्यटनलाई पनि प्रवर्द्धन गर्ने कम्पनीको भनाइ छ ।

## एनआईसी एशिया लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस) । एनआईसी एशिया लघुवित्त वित्तीय संस्थाले बागमती, कोशी र सुदूरपश्चिम प्रदेश अन्तर्गतका विभिन्न शाखामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । बागमती प्रदेशको सिंगटी शाखा, कोशी प्रदेशको धाइजन शाखा र सुदूरपश्चिम प्रदेशको कलुवापुर शाखामा शनिवार कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमबाट सिंगटी शाखाका ३१ जना, धाइजन शाखाका ७० जना तथा कलुवापुर शाखाका ३८ जना सदस्य लाभान्वित भएको बताइएको छ । संस्थाले ग्रामिण परिवेशका विपन्न वर्गका सदस्यलाई वित्तीय पहुँचमा असहजता अन्त्य गर्न यस्ता कार्यक्रम गर्दै आएको बताइएको छ ।

कार्यक्रममा बचतको उपयोगिता, कर्जाको सही प्रयोगद्वारा आर्थिक जीवनस्तरमा परिवर्तन ल्याउन सकिने विषयमा जानकारी गराइएको थियो । कार्यक्रमका सहभागीले आफूले प्राप्त गरेको वित्तीय ज्ञानले आफ्नो दैनिक क्रियाकलापमा परिवर्तन आउने प्रतिक्रिया दिएका थिए । संस्थाले यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# जेजीआईले सञ्चालनमा ल्यायो सिन्नाबोनको स्टोर

काठमाडौं (अस) । जावलाखेल ग्रुप अफ इन्डस्ट्रीज (जेजीआई)ले नेपालमा पहिलोपटक सिन्नाबोन स्टोर सञ्चालनमा ल्याएको छ । यसले प्रतिष्ठित अमेरिकी ब्रान्ड सिन्नाबोनलाई नेपाली खाद्य तथा पेय पदार्थ बजारमा प्रवेश गराउने बताइएको छ ।

ललितपुरको सानेपामा अवस्थित नयाँ सिन्नाबोन स्टोरले नेपाली उपभोक्तालाई विश्वप्रसिद्ध सिनामन रोल्स, बेक गरिएका स्वादिष्ट परिकार र विशेष पेय पदार्थ उपलब्ध गराउने बताइएको छ ।

सिन्नाबोन नेपालकी ब्रान्ड म्यानेजर श्रीदा शाहले कम्पनीको प्रारम्भिक प्राथमिकता नेपाली उपभोक्ताको स्वाद, बानी र अपेक्षालाई गहिरो रूपमा बुझ्नु रहेको बताइन् । जेजीआईको व्यापक बजार अनुभव र उत्कृष्टताप्रतिको प्रतिबद्धताबाट प्रेरित, सिन्नाबोन नेपाल नयाँ सोच विचारसहित र रणनीतिक रूपमा विस्तार हुने तयारीमा रहेको उनको भनाइ छ । ब्रान्डले काठमाडौंका व्यस्त क्षेत्रहरूदेखि पोखरा, बुटवलजस्ता उदीयमान तथा स्थापित शहरहरूमा समेत आफ्नो उपस्थिति विस्तार गर्ने योजना बनाएको बताइएको छ ।

सिन्नाबोन नेपालको शुरुआत केवल व्यापारिक उपलब्धि मात्र नभई नेपाली उपभोक्ताबीच अन्तरराष्ट्रियस्तरका गुणस्तरीय अनुभवप्रतिको माग र स्थानीय स्वादप्रतिको समझदारीको प्रतिबिम्ब भएको कम्पनीको भनाइ छ ।

# 'एचएमडी क्रेस्ट म्याक्स फाइभजी' नेपाली बजारमा

काठमाडौं (अस) । टेलिटक प्रालिले एचएमडीको नवीनतम स्मार्टफोन 'एचएमडी क्रेस्ट म्याक्स फाइभजी' नेपाली बजारमा सार्वजनिक गरेको छ । अत्याधुनिक प्रविधियुक्त यस स्मार्टफोनमा उत्कृष्ट प्रदर्शन, उन्नत क्यामरा प्रणाली र सजिलै मर्मत गर्न मिल्ने प्रयोगकर्ता-अनुकूल डिजाइन समावेश गरिएको बताइएको छ । एचएमडीले विकास गरेको यो डिभाइस विशेषगरी दिगो प्रविधि र दीर्घकालीन प्रयोगका लागि तयार पारिएको हो, जसले नेपाली उपभोक्ताहरूलाई शक्तिशाली, भरपर्दो र वातावरणमैत्री मोबाइल अनुभव प्रदान गर्ने लक्ष्य राखेको कम्पनीको भनाइ छ ।

एचएमडी क्रेस्ट म्याक्स फाइभजी नवीनतम प्रविधिसँग सुसज्जित हुनुका साथै नेपाली बजारको आवश्यकता र चाहनालाई ध्यानमा राखी तयार पारिएको कम्पनीको दाबी छ । स्मार्टफोनको डिजाइन, प्रदर्शन र मर्मतको सहजता नेपाली उपभोक्ताका लागि एक उत्कृष्ट विकल्प हुने बताइएको छ । एचएमडी ग्लोबल भारत तथा एशिया-प्रशान्त क्षेत्रका उपाध्यक्ष रवि कुँवरले एचएमडी क्रेस्ट म्याक्स फाइभजी स्मार्टफोन मात्र नभई नयाँ सोच, नवप्रवर्तन र मानव केन्द्रित प्रविधिको युगको थालनी भएको बताए । यसको परिष्कृत डिजाइन, अत्याधुनिक




प्रविधि र वातावरणमैत्री सोचका साथ यो फोन नयाँ पुस्ताका लागि उत्तम संयोजन भएको उनको भनाइ छ । 'आजका उपभोक्ताहरू स्मार्ट र फास्ट डिभाइस मात्र नभई मूल्य, डिजाइन र ब्राण्डको उद्देश्यप्रति पनि सचेत छन्,' उाले भने, 'एचएमडीमा, हामी यस्तो प्रविधि निर्माणमा विश्वास गर्छौं, जसले प्रयोगकर्ताको आवश्यकतालाई मात्र होइन, भविष्यलाई पनि ध्यानमा राख्छ ।' ८ जीबी र्‍याम र २५६ जीबी स्टोरेज भएको यो भेरियन्टको मूल्य रू. २२ हजार ९९९ निर्धारण गरिएको बताइएको छ ।

## चितवनमा महिन्द्रा बोलेरो पिकअप सार्वजनिक

चितवन (अस) । अग्नी ग्रुपले १ दशमलव ७ टन भार क्षमताको महिन्द्रा बोलेरो पिकअप चितवनमा सार्वजनिक गरेको छ । देशैभर एकैपटक सार्वजनिक भएको बोलेरोको चितवनमा पनि विक्री शुरू गरिएको हो । चितवनको भरतपुरस्थित महिन्द्राको आधिकारिक विक्रेता सेन्ट्रल अटोजोनले पिकअप बोलेरो सार्वजनिक गरेको हो । अटोजोनका अध्यक्ष राजेन्द्र बाटाजुले नेपालमा बलियो र बढी क्षमतायुक्त युटिलिटी गाडीको बढ्दो मागलाई ध्यानमा राख्दै महिन्द्राले यो पिकअप बजारमा ल्याएको बताए । यसमा ६३ विएचपिको पावर र १९५ न्युटन मिटरको टर्क, २ दशमलव ५ लिटरको एमटु-डिआई-सिआर डिजेल इन्जिन रहेको बताइएको छ । यसको बजार मूल्य रू. २५ लाख ६५ हजार कायम गरिएको बताइएको छ । असार महीनासम्म खरीद वा बुकिङ गर्नेका लागि ९ दशमलव ९९ प्रतिशत ब्याजदरमा गाडी उपलब्ध गराइने बताइएको छ ।

## सिटिजन्स बैंकका ग्राहकलाई लोमस डिजिटलमा छूट

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको उत्तरढोकास्थित लोमस डिजिटलबीच बैंकका ग्राहकलाई छूट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले कम्पनीका विभिन्न उत्पादनमा छूट पाउने भएका हुन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ । बैंकले डिजिटल बैंकिङको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।

## दूध अभावले 'चितवन मिल्क' बन्द

चितवन । दुग्ध उत्पादक सहकारी संस्था र फर्महरूको दूध प्रशोधन गर्दै आएको 'चितवन मिल्क उद्योग'ले प्रशोधनका लागि दूध नपाएपछि बन्द भएको छ । दूध नपाएपछि गत वैशाख १० गतेदेखि उद्योग बन्द भएको हो ।

उद्योगमा सहकारी संस्था र फर्महरूबाट विक्री नभएको दूध ल्याएर प्रशोधन गरी नौनी घ्यू (बटर) र धूलो दूध उत्पादन गरिन्छ । भरतपुर महानगरपालिका-१ ठिमुरामा उद्योग रहेको छ । उद्योगका प्रबन्धक दुर्गा पराजुलीले विभिन्न संघसंस्थालाई दूध आपूर्तिका लागि आग्रह गरिएको भए पनि प्राप्त गर्न नसकिएको बताए । एक पटक सञ्चालन गर्नका लागि कम्तीमा ४० हजार लिटर दूध आवश्यक पर्दछ । उद्योगले एक 'सिफ्ट'मा एक लाख लिटरसम्म दूध प्रशोधन गर्न सक्छ । देशभरका ३० संस्थाले यहाँ प्रशोधनका लागि दूध ल्याउने गर्दछन् ।

प्रबन्धक पराजुलीले सहकारी र फर्मले दूध नल्याएपछि आफैले दूध किनेर मेसिन सञ्चालनका लागि उद्योग चलाउने योजना भए पनि दूध पाउन नसकेको बताए । गतवर्ष फागुनदेखि भदौसम्म उद्योग बन्द भएको थियो । अघिल्ला वर्षहरूमा भने यो मौसममा दूधको अभाव हुने गरेको थिएन । ती वर्षहरूमा असार १५ देखि साउन मसान्तसम्म दूधको अभाव हुने गरेको उनले बताए ।

उद्योगमा ३४ कर्मचारी कार्यरत छन् । उद्योग सञ्चालन नहुँदासमेत मासिक रू. १५ लाख हाराहारी खर्च हुने प्रबन्धक पराजुलीले बताए । उद्योगमा अहिले १५ किलोका ९ हजार ब्लक नौनी र १२ हजार बोरा धूलो दूध बाँकी छ । २०७५ सालदेखि उद्योगले निजी डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ । प्रतिलिटर पाउडर दूधको रू. ११३ र घ्यू (बटर)को प्रतिकिलो रू. ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको थियो । *रासस*

**धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे तेस्रो पटकको सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति: २०८२/०२/१३ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०३/१५ मा १५(पन्ध्र) दिने सार्वजनिक सूचना मिति २०८१/०९/०५ को नयाँ त्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति :- २०८२ साल जेठ महिना २८ गते
सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान: कृषि बिकास बैंक लि. शाखा कार्यालय मंगलसेन, अछाम

**ग्राहकको विवरण**

**कम्पनिको नाम : जि.वि. निर्माण सेवा. प्रा.लि.** दर्ता भएको कार्यालय: नेपाल सरकार उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय
कम्पनिको दर्ता नं.: २०२६९३/०७५/०७६ दर्ता मिति: २०७५/०८/०४ पान नं.: ६०६५४५३०७

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गा धनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार /१४०३८८९ | अमृता विष्ट | अछाम | मंगलसेन | ३ | १८२१, १८२५ | १७१५.१२८, ४७३.६०२ |
| | | | | | १८३७, १८४२ | ६७३.५८८, ११९.३३८ |
| | | | | | १८५५, २९८५ | ३३८.२३२, ५१३.२३५ |
| | | | | | २९८९, ३१६४ | ११९७.४४९, ४९७.३८६ |
| | | | | | ३१६८, ३१७१ | २९१.८७९, ७०७.२४ |
| | | | | | ३१८१, ३१८४ | १२७२.४०२, ३९९.११२ |
| | | | | | ३१८९ | २५८९.५०९ |

संचालकहरुको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| नृप बहादुर विष्ट | मंगलसेन-०३ | १५८१८ | २०५६/०४/१४ | नर बहादुर विष्ट | मनिराम विष्ट |

ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति | ससुरा |
|---|---|---|---|---|---|
| सिता विष्ट | मंगलसेन-०३ | ३०४९६ | अछाम/२०६१/०२/०८/जिल्ला प्रशासन कार्यालय | नृप बहादुर विष्ट | नर बहादुर विष्ट |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं ।**

आर्थिक असमानताको वृद्धि नियन्त्रण गर्न बजेट नीतिहरू पुनः वितरणमा केन्द्रित हुनुपर्छ ।
**- थोमस पिकेटी**

सम्पादकीय

# प्रसारण लाइनमा विलम्ब

विद्युत् विक्री गरेर धनी हुने सपना देखिरहेको नेपालले यसका लागि अत्यावश्यक पूर्वाधार अन्तरदेशीय प्रसारण लाइनको निर्माणमा भने आवश्यक सक्रियता देखाउन सकिरहेको छैन । आन्तरिक खपत र निर्यातका लागि समेत उत्पादनमात्र पर्याप्त हुँदैन, बलियो प्रसारण पूर्वाधार पनि उत्तिकै जरुरी हुन्छ । नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट नेपालको बिजुली भारतमा निर्यात गर्ने सहमति झन्डै २ वर्षअघि भएको सन्दर्भमा उक्त लक्ष्य प्राप्त गर्न नेपाललाई बुटवल–गोरखपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइन परियोजनालगायत थप अन्तरदेशीय प्रसारण लाइन आवश्यक पर्छ । तर, यस परियोजनाअन्तर्गत भारततर्फको भागमा काम धमाधम अघि बढिरहेका बेला नेपालतर्फ भने ठप्प हुनु चिन्ताको विषय हो ।

हाल ४०० केभी क्षमताको ढल्केवर–मुजफ्फरपुर एकमात्र अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा छ, जसबाट १ हजार मेगावाटसम्म विद्युत् आदानप्रदान हुन सक्छ । त्यसबाहेक सानातिना प्रसारण लाइनबाट पनि केही मात्रामा विद्युत् निर्यात भइरहेको छ । तर, ठूलो परिमाणमा विद्युत् निर्यातका लागि ठूलो क्षमताको प्रसारण लाइन निर्माण आवश्यक पर्छ । भारत निर्यातकै लागि भनेर भारतीय लगानीमा अरुण तेस्रो आयोजना निर्माणाधीन छ । यसका लागि ढल्केवर सीतामडी प्रसारण लाइनको अधिकांश अंश पूरा भए पनि नेपालतर्फको केही भाग भने स्थानीयको अवरोधका कारण पूरा हुन सकेको छैन ।

थप विद्युत् आदानप्रदानका लागि महत्त्वपूर्ण मानिएको बुटवल–गोरखपुर प्रसारण लाइन निर्माणमा भने नेपालतर्फको खण्डका लागि अमेरिकाको एमसीसी सहयोग जारी रहने/नरहने भन्ने निश्चित नहुँदा अन्योल उत्पन्न भएको छ । अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को सहयोगमा निर्माणाधीन नेपालतर्फको १८ किलोमीटर खण्डको काम अवरुद्ध भएको छ । दोस्रोपटक अमेरिकाका लागि राष्ट्रपति निर्वाचित भएका डोनाल्ड ट्रम्पले युएसएआइडीको खारेजी गर्नुका साथै एमसिसी सहयोग पनि रोक्का गरेका छन् । अन्तरराष्ट्रिय समाचार संस्थाहरूले एमसीसीको नेतृत्वले कर्मचारीलाई गराएको जानकारी भनी लेखेअनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले एमसीसी बन्द गर्ने निर्णय गरेको छ । तर, अमेरिकी सरकारले आधिकारिक रूपमा यसबारे केही बोलेको छैन । त्यसैले नेपालतर्फ निर्माण हुने प्रसारण लाइनबारे अन्योल यथावत् छ । यद्यपि अमेरिकी सहयोग नआए नेपाल आफैले यो प्रसारण लाइन बनाउन नसक्ने होइन । तर, मुख्य कुरा सरकारको प्रतिबद्धता हो । अन्य थुप्रै प्रसारण लाइनमा समस्या देखिएकाले यसमा पनि समस्या नहोला भन्न सकिन्न ।

- **नेपालले सम्भावित बजारको खोजी गरी बिजुलीको अन्तरराष्ट्रिय बजारमा पहुँच बढाउन विभिन्न उपायको खोजी गर्नुपर्छ ।**
- **बंगलादेशले नेपालको बिजुली उत्पादनमा लगानी गर्ने कुरा पनि अनिश्चयको घेरामा परेको छ ।**

प्रसारण लाइनका लागि सबैभन्दा ठूलो समस्या भनेको जग्गा अधिग्रहण हो । पोल गाड्नका लागि मात्र जग्गा चाहिने भए पनि तारमुनिको जग्गा पनि व्यक्तिले प्रयोग गर्न समस्या हुने भएकाले यसको मुआब्जा पेचिलो विषय बनेको छ । यसै पनि नेपालमा जग्गा प्राप्ति निकै चुनौतीपूर्ण र खर्चिलो हुने गरेको छ । कुनै पनि पूर्वाधार निर्माण हुन लाग्यो, उद्योग खुल्न आँट्यो भने जग्गाको भाउ मनपरि बढाउने र स्थानीयले विभिन्न माग राखेर अवरोध गर्ने प्रवृत्ति छ । त्यसले गर्दा चाहे अन्तरदेशीय प्रसारण लाइन होस् चाहे राष्ट्रिय प्रसारण लाइन, तिनको निर्माणमा धेरै ठाउँमा अवरोध भइरहेको पाइन्छ । त्यतिमात्र होइन, प्रसारण लाइनकै अभावमा कतिपय आयोजनाबाट उत्पादित बिजुली खेर जाने अवस्थासमेत देखिन्छ ।

नेपालले उत्तर तिब्बततर्फ पनि प्रसारण लाइन बनाउने योजना नबनाएको होइन । त्यस्तै भारतीय प्रसारण लाइन प्रयोग गरेर बंगलादेशमा बिजुली निर्यात गर्न समेत शुरू नगरेको होइन । तर, यी सबै बजार खोजीको प्रयास मात्रै बनेको देखिन्छ । भरपर्दो काम भने भएको देखिन्न । बंगलादेशमा सत्तापरिवर्तनसँगै उसको भारतसँगको सम्बन्ध बिग्रिएको छ जसले गर्दा भारतीय प्रसारणलाइनमार्फत बंगलादेशमा बिजुली निर्यात के हुने हो यसै भन्न सकिन्न । बंगलादेशले नेपालको बिजुली उत्पादनमा लगानी गर्ने कुरा पनि अनिश्चयको घेरामा परेको छ । यस्तोमा नेपालको बिजुलीका लागि भारतमात्र एकल बजार बन्ने देखिन्छ । यसो हुनु रणनीतिक हिसाबले ज्यादै जोखीमपूर्ण हुन्छ । जेहोस् नेपालले सम्भावित बजारको खोजी गरी बिजुलीको अन्तरराष्ट्रिय बजारमा पहुँच बढाउन विभिन्न उपायको खोजी गर्नुपर्छ र प्रसारण लाइन निर्माणमा विलम्ब गर्नु हुँदैन । एमसीसी सहयोग नआउने हो भने स्वदेशी लगानीमा भए पनि त्यो परियोजना अघि बढाउन आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## गुणस्तरका नाममा खर्चिइने रकम कहाँ जान्छ, सबैलाई थाहा छ

२०४९ सालमा विद्युत् ऐन आएपछि मात्र जलविद्युत् क्षेत्रमा निजीक्षेत्रको प्रवेश भएको हो । तर, सशस्त्र द्वन्द्वका कारण आयोजना सञ्चालनका लागि लिएको इजाजतअनुसार विद्युत् उत्पादन हुन सकेन । यति हुँदाहुँदै पनि २ दशकको अवधिमा करीब २ सय मेगावट विद्युत् उत्पादन भएको छ । तर, सरकारले १ सय वर्षको अवधिमा करीब ४ सय मेगावाट मात्र विद्युत् उत्पादन गरेको छ ।

आजसम्म जलविद्युत् विकासमा लागेको निजीक्षेत्रलाई सरकारबाट हतोत्साही बनाउने काम मात्रै भइरहेको छ । यसकारण पनि निजीक्षेत्र जलविद्युत् विकासमा पूर्ण समर्पित हुन सकिरहेको छैन । निजीक्षेत्रले झोलामा खोला बोकेको र गुणस्तर कायम गर्न नसकेको भन्ने आरोप पनि सरकारबाट खेपिरहनु परेको छ ।

**(स्वतन्त्र ऊर्जा प्रवर्द्धक कृष्णप्रसाद भण्डारीसँगको कुराकानीबाट)**

**वर्ष ८, अंक १५६, शुक्रवार ११ फागुन, २०६९**

# लघुवित्त : अभियानदेखि आन्दोलनसम्म

## अबको बाटो कस्तो हुनुपर्छ ?



**जुन मुद्दाका लागि आन्दोलन भइरहेको छ, त्यसको कुनै तुक छैन । यसैले, बरू अभियान जारी राखौं, आन्दोलन स्थगन गरेर तिनका कर्जालाई केही समय दिएर, केही राहत प्रदान गरेर तिनलाई उत्पादनमुखी कर्जामा सरिक गराउनु उचित हो ।**

**कृष्ण प्रधान**

कुनै बेला लघुकर्जा विस्तारका लागि सुदूर गाउँदेखि शहर र शहरदेखि राजधानीसम्म अभियान चलाउनुपर्ने अवस्था थियो । राजधानी मात्र होइन, लघुकर्जाकै लागि अन्तरराष्ट्रिय स्तरमै अनेकौं प्रकारका अभियानहरू हुन्थे । त्यसमा सबैभन्दा प्रभावकारी मानिएको माइक्रो क्रेडिट समिट क्याम्पेन नै हो । यसले विश्वभरबाट यो क्षेत्रका प्रयोगकर्ता व्यक्तिहरू, संस्थाहरू, सरकारी र गैरसरकारी संस्थाहरू, वित्तीय संस्थाहरू, प्राज्ञिक निकायहरू, दातृ निकायहरू, द्विपक्षीय र बहुपक्षीय अन्तरराष्ट्रिय सहयोग निकायलगायत सरकारकै प्रमुखहरूलाई पनि एकै थलोमा भेला गराएर लघुकर्जाको महत्त्व र तेसको प्रभावकारिता एवम् आगत समयमा विभिन्न क्षेत्रले लिनुपर्ने रणनीतिक विषयहरूमा एक खाले अन्तरराष्ट्रिय नीतिगत दबाबकै सृजना पनि गरिन्थ्यो । त्यस्ता अभियान राष्ट्रिय स्तर, क्षेत्रीय स्तर र अन्तरराष्ट्रिय स्तरमा नै हुन्थे । सम्भवतः अझै पनि यस्ता अभियानका अभीष्ट समाप्त भएका छैनन् र ती काम पनि हुँदै होलान् । तथापि, यो क्षेत्रमा थालिएको अभियानले करीब (पहिलो अन्तरराष्ट्रिय शिखर सम्मेलन सन् १९९७ मा अमेरिकामा भएको हो) तीन दशकको समय पार गर्न लागेको अवधिबीच धेरै देशमा लघुकर्जा वा लघुवित्तका लागि संस्थागत पूर्वाधारहरूको राम्रै विकास भइसकेको पनि देखिन्छ । नेपालकै कुरा गर्दा पनि केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) ले यो क्षेत्रमा पहिलोपटक सन् २००५ मै नियमनहरू ल्याएर एशिया क्षेत्रमै एक अनुकरणीय काम पनि गरेकै हो । त्यसैले अब लघुवित्तका लागि गरिने अभियानमुखी वित्तीय साक्षरताको औचित्य पहिलेजस्तो आवश्यक ठानिन्न । लघु वित्तीय सेवाका लागि नियमनको व्यवस्था नगरिएका हकमा वा लघुवित्तीय सेवाका लागि कुनै पनि पूर्वाधारहरू विकास नभएका देशहरूका लागि भने त्यस खाले अभियानको आवश्यकता अझै पनि रहेको छ ।

### अभियानको आवश्यकता

कुनै पनि अभियानको आवश्यकता पर्ने भनेको त्यसको चेतनाको विस्तार र नीतिगत तहका लागि गरिने सृजनात्मक दवाबका लागि नै हो । गरीबी निवारणसित जोडिएर आएको लघुकर्जा वा लघुवित्तीय सेवा अन्य परम्परागत वित्तीय सेवा नभएकै कारण पनि यसमा अभियानको अस्त्र आवश्यक परेको हो । र, एक हदमा अन्तरराष्ट्रिय स्तरमा गरिएका अनेकौं खाले अभियानहरूले लघुवित्तलाई एउटा आवश्यक वित्तीय क्षेत्र हो भनेर अन्तरराष्ट्रिय समुदायलाई देखाउन सकेकै हुन् । त्यसको प्रभाव नेपाली नीतिनिर्माताहरूलाई पनि नपरेको त पक्कै होइन । तर पनि अझै सरकारी संयन्त्रहरूले भने केन्द्रीय बैंकले भैं बुझेका छैनन् वा बुझेर पनि बुझ पचाएका हुन् भन्ने आम विश्वास भने हुन सकेको छैन । खासमा भन्ने हो पछिल्लो शंकाचाहिँ सत्य हो ।

### लघुवित्तको उपलब्धि

नेपाली लघुवित्त क्षेत्रले ३ दशक (२०४९ (२०८१) को प्रयोगलगायत कार्य अनुभव पार गरेको छ । यस अवधिमा नियमन, सुपरिवेक्षणलगायत संस्थागत आधारहरू तयार मात्र भएका छैनन्

- **अब लघुवित्तका लागि गरिने अभियानमुखी वित्तीय साक्षरताको औचित्य पहिलेजस्तो आवश्यक ठानिँदैन ।**
- **तीन दशकको अवधिमा नियमन, सुपरिवेक्षणलगायत संस्थागत आधारहरू तयार मात्र भएका छैनन् निजीक्षेत्रको ७० प्रतिशत लगानी पनि देखिएको छ ।**
- **उत्पादनसित सम्बद्ध गरेर विद्यमान कर्जा सीमालाई पुग्दो बनाउने एक सेवाग्राही एकै संस्थाको नीति ल्याउनैपर्छ ।**
- **लघुवित्तीय सेवालाई गरीबी निवारणसित आबद्ध गरेर लाने हो भने आन्दोलन होइन अभियान आवश्यक छ**

लघुवित्तीय संस्थाहरूमा निजीक्षेत्रको ७० प्रतिशतको पूँजी लगानी पनि देखिएको छ । बाँकी ३० प्रतिशतको लगानी पनि कर्मचारी र नागरिकका भएकाले यो क्षेत्रको लगानी भनेको केही लघुवित्तीय संस्था (जस्तो : ग्रामीण बैंक) लाई छाडी करीब शतप्रतिशतजस्तै निजीक्षेत्रको लगानी हो भन्न सकिन्छ । यो सानो उपलब्धि होइन । सत्तहत्तर जिल्लामै लघुवित्तीय संस्थाको उपस्थिति हुनु, ६१ लाख विपन्न परिवार ( ६०.९७ लाख, २०८१ पुस) यसका सेवाग्राही हुनु (लघुवचत मात्र) जसमध्ये करीब २७ लाखमा लघुकर्जा (२६.८९ लाख,२०८१ पुस) प्रवाह हुनु, करीब २२ हजार कर्मचारीलाई यो क्षेत्रले प्रत्यक्ष रोजगारी दिनु पनि एक खाले उपलब्धि नै हो । वासलातको आकारकै कुरा गर्ने हो भने पनि हाल कायम ५२ ओटा लघुवित्तीय संस्था (घ वर्गका वित्तीय संस्था) को रू. ५७५.८ अर्ब (२०८१ पुस) को वासलात देखिन्छ जसमा रू.६७ अर्बको त पूँजीकोष नै रहेको छ । केन्द्रीय बैंककै पछिल्लो सुपरिवेक्षण प्रतिवेदन (२०८१ पुस) लाई आधार मान्ने हो भने एक लघुवित्तीय संस्थामाथि केन्द्रीय बैंकको सूक्ष्म निगरानीबाहेक बाँकी सबै लघुवित्तीय संस्थाहरूले केन्द्रीय बैंकको नियामकीय अनुपालनाको अवज्ञा गरेका देखिँदैनन् । जबकी, यसै बेला केही वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरू उसको कारबाहीमा परेको हालै सार्वजनिक भएको छ । केन्द्रीय बैंकको अनुपालनाको स्तरले सम्बद्ध वित्तीय संस्थाको संस्थागत सुशासनको अवस्थाको आकलन पनि हुने गर्छ । तथापि, त्यो मात्र पर्याप्त होइन ।

### लघुवित्तमा अवरोध

अहिले नेपाली लघुवित्तीय क्षेत्रले कल्पना पनि नगरिएको, पहिले कहिले नभोगेको, विश्वमा कहीँ कतै पनि नदेखिएको अवस्थाको सामना गर्नु परिरहेको पनि देखिन्छ । त्यो भनेको यसका सेवाग्राही (केही सीमित समूह) हरू नै लघुवित्तीय संस्थाहरू नै खारेज गर्नुपर्ने र सरकारले निर्ब्याजी ऋण दिनुपर्ने, दिएको ऋण पनि मिनाहा हुनुपर्ने माग राखी विगत २-३ वर्षदेखि सडक आन्दोलनमा छन् । नियमसंगत रूपले कर्जा उठाउने प्रक्रियामा जाँदा (जस्तै : कालो सूची प्रकाशन) कर्मचारीमाथि भौतिक कारबाही र कार्यालयमा आगजनीजस्ता अराजक कारबाहीको पनि यही क्षेत्रले भुक्तमान भोगिरहनुपरेको देखिन्छ । सडक आन्दोलन बीचबीचमा केही सेलाए पनि अहिले (२०८१ चैतदेखि) पुनः थालिएको देखिन्छ । त्यसका पछाडि राजनीतिक स्वार्थ गाँसिएको कुरा त सबैले अनुभूत नगरेका होइनन् तर समयमै सम्बोधन गर्ने वा निस्तेज गर्ने काम भने नभएकै हो । त्यही कारण अहिले लघुवित्तीय संस्थाहरूको असुली नराम्ररी प्रभावित भएको छ । विनाधितो कर्जा प्रवाह गर्ने संस्थाका लागि यो धेरै ठूलो र गम्भीर चुनौती त हुँदै हो केही समयसम्म पनि यो निरन्तर रहे लघुवित्तीय संस्थाहरूको एनपीएको स्तर दोहोरो अंकले नाघ्ने (हाल ६ दशमलव ४ प्रतिशत) सम्भावनालाई नकार्न सकिँदैन । त्यो भनेको निकै खराब स्थितिको संकेत पनि हो । झट्ट हेर्दा अभियान हुनुपर्ने स्थानमा अहिले आन्दोलन भइरहेको देखिन्छ । त्यो पनि अचम्मको आन्दोलन । हो, केही विषयहरूमा सरोकारी वित्तीय संस्थाहरूले पनि अवज्ञा वा गल्ती गरेकै छैनन् भन्न सकिँदैन । तिनले पनि आफ्ना कार्य प्रणाली र संस्कारमा केही बाटो बिराएकै हुन् । कोरोनाकालीन समयमा आएको आरामदायी नियमनले पनि तिनलाई अल्छी बनाएकै हो । लघुवित्तीय प्रणालीको आधार स्तम्भ केन्द्रको व्यवस्थापनमा पनि संस्थाहरू चुकेकै हुन् । संस्थागत सुशासनमा पनि विचलन आएकै हो । अति प्रतिस्पर्धा, दोहोरो तेहरो र बहुल संस्थाकेन्द्री कर्जा प्रवाह र नियामकीय अधिक राहतले पनि नियमित असुलीलाई प्रभावित पारेकै हो ।

### अब के गर्ने ?

जुन मुद्दाका लागि आन्दोलन भइरहेको छ, त्यसको कुनै तुक छैन । यसैले, बरु अभियान जारी राखौं, आन्दोलन स्थगन गरेर तिनका कर्जालाई केही समय दिएर, केही राहत प्रदान गरेर तिनलाई उत्पादनमुखी कर्जामा सरीक गराउनु उचित हो । अब थप सेवाग्राही खोज्नेभन्दा पनि भएकै सेवाग्राही (अझै ६० प्रतिशतलाई कर्जा प्रवाह नै गर्न बाँकी छ) बाट असल, उत्पादनमुखी कर्जा विस्तार गर्ने, असल ऋणीलाई स्तरीकरण गरेर एउटै संस्थाले पुग्दो कर्जा दिने नीति लिनुपर्छ । उत्पादनसित सम्बद्ध गरेर विद्यमान कर्जा सीमालाई पुग्दो बनाउने एक सेवाग्राही एकै संस्थाको नीति ल्याउनै पर्छ, नत्र बहुल बैंकिङको समस्या जस्ताको तस्तै रहने सम्भावना रहिरहन्छ । अझै पनि लघुवित्तीय सेवालाई गरीबी निवारणसित आबद्ध गरेर लाने हो भने आन्दोलन होइन, अभियान आवश्यक छ : प्रचारात्मक होइन नीतिगत दिगोपनाका लागि अभियानको ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक हुन् ।*

# बजेटमा पर्यटन क्षेत्रको अपेक्षा



**सन् २०२४ को तथ्यांकअनुसार १२ लाख विदेशी पर्यटक हवाईमार्फत नेपाल भित्रिएका छन् । तर, यो संख्या होटेलको क्षमताको अनुपातमा निकै कम देखिन्छ । यसले गर्दा होटेल व्यवसायी र सरकार दुवैले फाइदा गुमाइरहेका छन् ।**

**- भीम पन्त**

सरकारले नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रका अपेक्षा र तिनले खोजेका सहुलियतबारे स्पष्ट उल्लेख गरेन तर त्योभन्दा बढी महत्त्वपूर्ण बजेट अध्यादेश भएकाले यसबाट पर्यटन क्षेत्रले केही अपेक्षा गरेको छ । मुलुकको आर्थिक रूपान्तरणमा पर्यटन क्षेत्र निकै बलियो आधार हो । नेपालमा पर्यटनका सम्भावना पनि अथाह नै छ ।

तर, उचित कार्यक्रम, प्रोत्साहन र नीति नहुँदा यो क्षेत्रले अपेक्षित गति लिन नसकेको हो । सरकारले पर्यटनलाई प्राथमिकता दिने बताए पनि व्यवसायीका समस्यामा गम्भीर भएको र तिनलाई सम्बोधन गर्न चासो दिएको भने ज्यादै कम पाइन्छ । विश्वका धेरै देशले पर्यटनमा निकै ठूलो फड्को मारिरहँदा हामी भने त्यही १० लाख पर्यटक संख्याको रटानमा रमाइरहेका छौं । त्यसबाट लिन सकिने लाभ बारे नेपालले नबुझेको हो कि भन्ने देखिन्छ ।

पर्यटन क्षेत्र पनि विविधतामय छ । यसभित्र आतिथ्य सेवाको अलग्गै समस्या र चासो छ । त्यस्तै टुर अपरेटरहरूका आफ्नै समस्या छन् । हवाई व्यवसायीदेखि पर्यटनका विविध गतिविधि सञ्चालन गर्ने व्यवसायीहरू सबैका आआफ्ना चिन्ता र चासोका विषय छन् । ती सबैलाई सरकारले सम्बोधन गर्न नसके पनि केही प्रमुख चासोलाई भने सम्बोधन गर्नैपर्ने हुन्छ ।

नेपालमा नयाँ-नयाँ होटेलहरू खुलिरहेका छन्, केही खुल्ने क्रममा छन् । त्यसमा पनि पाँचतारे होटल र विदेशी चेन होटेलको संख्या राम्ररी बढ्न थालेका छन् । यो भनेको खर्चालु पर्यटक बढाउने माध्यम हो । सन् २०२४ को तथ्यांकअनुसार १२ लाख विदेशी पर्यटक हवाईमार्फत नेपाल भित्रिएका छन् । तर, यो संख्या होटेलको क्षमताको अनुपातमा निकै कम देखिन्छ । यसले गर्दा होटल व्यवसायी र सरकार दुवैले फाइदा गुमाइरहेका छन् । त्यसैले गुणस्तरीय पर्यटक र कम खर्चालु दुवै खाले पर्यटकको संख्या बढाउने खालको कार्यक्रम ल्याउन आवश्यक छ । तर, अकस्मात् कुनै ठूलो कार्यक्रम ल्याउन सकिँदैन । त्यसका लागि पूर्वाधार विकासलगायत पक्षमा सुधार गर्ने कार्यक्रम ल्याइनु आवश्यक छ जसले केही वर्षपछि परिणाम दिन थाल्छ ।

नेपालको पर्यटनले गति लिन नसक्नुमा हवाई सेवामा भएको कमजोरी प्रमुख कारण हो भन्न सकिन्छ । क्षेत्रीय स्तरका दुई अन्तरराष्ट्रिय विमानस्थलमा ठूलो लगानी गरेर निर्माण भए पनि राम्रोसँग चल्न सकेका छैनन् । त्रिभुवन विमानस्थल साँघुरो भइरहेको छ । नेपाल भित्रिने विदेशी वायुसेवा कम्पनी नेपाली कामदार ओसार्ने नियतले बढी आएका देखिन्छन् । यूरोपबाट पर्यटक ल्याउन प्रत्यक्ष उडान छैन । त्यो पनि स्वदेशी त झनै छैन । विदेशी वायुसेवाले पर्यटक ल्याउँदा तिनले गर्ने खर्चको ठूलो अंश विदेशी कम्पनीले नै लगिरहेका छन् । त्यसैले नेपाल वायुसेवा निगमको अन्तरराष्ट्रिय उडान बढाउने गरी बजेटले केही व्यवस्था गर्नुपर्ने हुन्छ । नेपाल भित्रिएका पर्यटकले सजिलै मुलुकभित्र आवतजावत गर्न पनि पाइरहेका छैनन् । पोखरा लुम्बिनी, चितवनको सडक सुधारको काम सुस्त छ । त्यसलाई सुधार गर्नुपर्छ र सहज आवतजावतको व्यवस्था मिलाउनुपर्छ । त्यस्तै स्तरीय सवारीसाधन आयातमा सरकारले पर्यटन व्यवसायीलाई भन्सार छूट दिनुपर्छ । पर्यावरणमैत्री पर्यटनका लागि सरकारले नीति बनाएर होटेलहरूमा ग्यास चूल्होको सट्टामा अब विद्युतीय चूल्हो प्रयोग गर्ने वातावरण बनाइदिनुपर्छ ।

नेपालको पर्यटन महँगो हुनुका कारण हवाई टिकट महँगो हुनु हो । सरकारले भ्याट लगाएर हवाई सेवा नै महँगो बनाएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत अन्तरराष्ट्रिय हवाई टिकटमा लगाइएको भ्याटको व्यवस्था हटाइनुपर्छ । यसो गर्दा पर्यटक बढ्छन् र सरकारले पाउने राजस्व अर्को बाटोबाट बढ्छ । त्यस्तै, हवाई क्षेत्रलाई बलियो बनाउन नेपाल वायुसेवा निगमका लागि नयाँ विमान खरीद गर्नुपर्छ, भएका विमानको सही परिचालन हुनुपर्छ । हवाई सेवाको सुदृढीकरण र अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता बढाउन नयाँ विमान थप्दै जानुपर्छ र यूरोप, जापान, चीन लगायतका पर्यटन बजारमा निगमको उडान हुनुपर्छ । अन्तरराष्ट्रिय रूट विस्तार तथा निजी एयरलाइन्सलाई सहुलियत दिँदै सेवा विस्तार गर्नुपर्छ । नेपाल पर्यटन बोर्डलाई पुनः संरचना गर्नु आवश्यक छ । यसका लागि सरकारले पहल थालेको त छ तर त्यसमा निजीक्षेत्रको उपस्थिति बलियो बनाउनुपर्नेमा उल्टो नीति लिएको छ । यो बोर्डका बारेमा व्यापक विमर्श आवश्यक छ किनभने यसले उद्देश्यअनुसार काम गर्न सकेको छैन र निजीक्षेत्रबाट लिएको पैसाको हिसाबकिताब निजीक्षेत्रले माग्न पाउनुपर्छ ।

- **नेपालको पर्यटन महँगो हुनुका कारण हवाई टिकट महँगो हुनु हो । सरकारले भ्याट लगाएर हवाई सेवा नै महँगो बनाएको छ ।**
- **हवाई सेवाको सुदृढीकरण र अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता बढाउन नयाँ विमान थप्दै जानुपर्छ ।**
- **अव्यवस्थित पूर्वाधार, अनियन्त्रित निर्माण र पर्यावरण विनाश गर्ने अभ्यास रोक्न ढिला भइसकेको छ ।**

त्यस्तै, 'कम प्रभाव उच्च मूल्य' पर्यटन रणनीति लागू गर्न आवश्यक छ । अव्यवस्थित पूर्वाधार, अनियन्त्रित निर्माण र पर्यावरण विनाश गर्ने अभ्यास रोक्न ढिला भइसकेको छ । आगामी बजेटले प्राकृतिक सम्पदा संरक्षण, स्थानीय समुदायको सशक्तीकरण र हरित पर्यटन पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्ने देखिन्छ । दीर्घकालीन तथा दिगो पर्यटन विकासका लागि स्मार्ट ट्रेल प्रणाली, हरित निर्माण प्रविधि, वातावरणीय प्रभाव न्यूनीकरण गर्ने यातायात पूर्वाधार, तथा स्थानीय समुदाय अनुकूलनयुक्त संरचनाहरू अत्यावश्यक छन् । आगामी बजेटले साहसिक जलयात्रा, नदी पर्यटन, पदयात्रा, पर्वतारोहण, धार्मिक पर्यटन, सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनजस्ता क्षेत्रहरूलाई प्राथमिकतामा राख्नुपर्छ ।

यसबाहेक ग्रामीण तथा नयाँ पर्यटकीय गन्तव्यहरूको विकास, विशेष पर्यटक प्याकेजहरू, स्वास्थ्य तथा अध्यात्म पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण अनुकूल पर्यटन मापदण्ड (वातावरणीय संरक्षण र दिगो पर्यटन) को कार्यान्वयन, एकीकृत अनुमति प्रणाली, र सजिलो भिसा नीति लागू गर्नुपर्छ । नेपालको पर्यटनको विशेषता र नेपालका प्रतिस्पर्धी पर्यटन बजारबारे राम्ररी अध्ययन गर्नु आवश्यक छ । यस्तो अध्ययनको निष्कर्षअनुसार प्रतिस्पर्धीभन्दा हामी अब्बल देखिन र हाम्रो बजार सुरक्षित पार्न आवश्यक रणनीति बनाउनतिर लाग्नुपर्छ । अन्तरराष्ट्रिय चेन होटेलहरू नेपालमा सञ्चालनमा आएसँगै लक्जरियस होटेलहरू सञ्चालनमा छन् । होटेल मात्रै नभएर लक्जरियस गाडीहरू पनि नेपालमा सञ्चालन हुनुपर्ने र त्यसका लागि सरकारले गाडी आयातमा सहुलियत दिनुपर्छ । त्यस्तै पर्यटक बस सेवाका लागि अलग मापदण्ड, बसपार्क आदिको व्यवस्था हुनुपर्छ । पर्यटकका लागि नेपालमा विलासी गाडीहरू छैनन् । त्यसका लागि सरकाले भन्सारमा सहुलियत दिनुपर्छ ।

बेलाबेला हवाई यात्रामा मौसम, विमानलगायतको समस्याले चुनौती बन्ने गरेको हुँदा सडक मार्गको सुविधा सहज हुनुपर्छ । पर्यटन व्यवसायमा लगाइएको करमा छूटको व्यवस्था हुनुपर्छ । उद्योगहरूले भ्याट छूट पाउने, निर्यात उद्योगले अनुदान पाउने अनि लाखौं रोजगारी सृजना गरेको र राज्यलाई विदेशी मुद्रा कमाइदिने पर्यटन व्यवसायले त्यस्तै प्रकृतिको कुनै सहुलियत नपाउने व्यवस्था कुनै पनि हालतमा सही मान्न सकिँदैन । नेपालको पर्यटन नीति नेपालको मौलिक पर्यटन जोगाउने खालको हुनुपर्छ । त्यस्तै पर्यटन नीतिमा स्थायित्व र सही रणनीति आवश्यक हुन्छ ।

नेपालमा यस्तो सर्वथा अभाव छ । त्यसैले आगामी आर्थिक वर्षको बजेटमा सरकारले पर्यटन क्षेत्रमा रूपान्तरण ल्याउने गरी कार्यक्रम ल्याउनुपर्छ । यसमा पर्यटन मन्त्रीको विशेष सक्रियता आवश्यक देखिन्छ । कामचलाउ र तदर्थवाद हुने हो भने यो क्षेत्र घस्रिएर अगाडि बढ्नेछ र आर्थिक रूपान्तरणको एउटा अवसर गुम्नेछ । नेपालको जनसांख्यिक परिवर्तनले अबको ३ दशक निकै महत्त्वपूर्ण हुने देखाएको छ । यो ३ दशकमा आर्थिक विकास गर्न नसके मुलुकले जनशक्ति अभावको समस्या भोग्न थाल्नेछ । त्यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा पर्ने छ जुन विदेशी मुद्रा आर्जन गर्ने एउटा बलियो माध्यम हो ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

**सच्याइएको**

**आर्थिक अभियानको सोमवार विचार पृष्ठमा प्रकाशित मुख्य लेखमा लेखकको पद उपनिर्देशक हुनुपर्नेमा सहायक निर्देशक भएकाले सच्याइएको छ ।**
**- सम्पादक**



तस्वीर : रासस

**मुगुको छायाँनाथ रारा नगरपालिका–११, रोवागाउँका पदम बुढा भेडाको ऊनबाट लिउ बुन्दै । यहाँका स्थानीयले राडी, पाखी, फेरुवा र लिउ बुनेर आम्दानी गर्छन् ।**

# घरविहीनलाई आवास निर्माण गर्दै जैमिनी नगरपालिका

ढोरपाटन (बागलुङ) । जैमिनी नगरपालिकाका आठ घरविहीन परिवारलाई नगरपालिकाले आवास निर्माण गरिदिएको छ । सुकुमवासी, आर्थिक अभावमा पुनःनिर्माण गर्न नसकेका र विभिन्न विपद्बाट विस्थापित परिवारलाई नगरपालिकाले घर निर्माण गरिदिएको हो ।

नगरपालिकाले सबैभन्दा पहिले सुकुमवासी परिवारलाई जग्गा खरीद गरी घर निर्माण गरिदिएको हो । हालसम्म जैमिनी नगरपालिका-९, पैयुथन्थापका धर्मागत पाध्य, भविन्द्र थापा, वडा नं १०, राङखानीकी हरिमाया थापा, वडा नं ४, सर्कुवाकी देउरूपा सार्की, वडा नं ८, छिस्तीका नरवदी पुन घर्ती र सन्तबहादुर बिक, वडा नं ३, उपल्लो दमेकका गिरिबहादुर परियार र तुलबहादुर घर्तीको घर निर्माण गरेको इन्जिनियर विवेक सापकोटाले जानकारी दिए ।

सुकुमवासीको घर निर्माणका लागि ३ लाख, विपद्बाट क्षति भएर घरविहीन भएका परिवारलाई २ लाख ५० हजार र आर्थिक अभाव कमजोर भई पुनःनिर्माण गर्न नसकेका परिवारलाई २ लाख रुपैयाँ उपलब्ध गराउने सापकोटाको भनाइ छ । हालसम्म आठ घर निर्माण गरी हस्तान्तरण गरिसकेको र अझै पाँच ओटा घर निर्माणाधीन रहेको सापकोटाले बताए ।



नगरपालिकाले १३ सुकुमवासी, विपद्बाट क्षति घरविहीन भएका १२ परिवार र आर्थिक अभाव कमजोर भई पुनःनिर्माण गर्न नसकेका ४१ परिवारको घर निर्माण गरिदिने जनाएको छ । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले घरविहीन परिवारलाई पहिलो प्राथमिकतामा राखेर आवास निर्माण गरिरहेको बताए । तीन पुस्तासम्म घर नभएकालाई नगरपालिकाले पहिलो चरणमा बनाइदिएको, विपद् र आर्थिक अभावका कारण पुनःनिर्माण गर्न नसकी अरूको घरमा आश्रय लिएकालाई दोस्रो चरणमा आवास निर्माण गरिदिने उनको भनाइ छ ।

उपप्रमुख शर्माले भने, 'कोही पनि नागरिक, गास, बाँस र कपासबाट वञ्चित हुनुहुँदैन, स्थानीय सरकारले स्रोतसाधानले भ्याएसम्म उनीहरुका लागि काम गरिरहेको छ ।'

लामो समयदेखि अरुको घरमा आश्रय लिँदै आएका जैमिनी नगरपालिका-८ का सन्तबहादुर कामीले नयाँ घर पाएपछि खुसी व्यक्त गरे । *रासस*

# मकैबालीमा फौजी किराको प्रकोप

काठमाडौं । चितवन र भोजपुरको मकैमा अमेरिकन फौजी किराको प्रकोप देखिएको छ । चितवनको जिल्ला कृषि विकास कार्यालयमा दैनिक ४/५ जना किसान फौजी किराको समस्या लिएर आउने गरेका छन् ।

भोजपुरमा बेसी तथा तल्लो भेगको मकैबालीमा फौजी किराको समस्या देखिएको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ ।

जिल्ला कृषि विकास कार्यालयकी बागवानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार अहिले जिल्लाका हरेक क्षेत्रको मकैमा अमेरिकन फौजी किराको प्रकोप देखिएको छ । 'यहाँ हरेक समय मकै लगाइने हुँदा फौजी किराको प्रकोप नरोकिएको हो,' उनले भनिन् । मकैको साना तथा ठूला बिरुवामा यो समस्या देखिने गरेको उनको भनाइ छ ।

जिल्लामा बाह्रै महीना मकै लगाउने गरिन्छ । 'यहाँ कतै मकै पाकेको छ भने कतै लगाउँदै गरेका छन् । यामअनुसारको मकै र बेमौसमी मकैखेती हुने हुँदा यसको किराको आक्रमण बढेको हो,' चौहानले भनिन्, 'जमिन खाली नहुँदा पनि समस्या बढ्दै गएको हो ।' धानमा पनि फौजी किरा देखिने भएकाले हरेक याममा मकैखेतीमा यसले आक्रमण गर्ने गरेको उनले बताइन् ।

अमेरिकन फौजी किरा पुतली वर्गको रात्रिचर किरा हो । यसको लार्भाले बालीमा कोतरेर खान्छ र नोक्सान गर्छ । मकैबाली मन पराउने यस किराले मकै नपाए धान, गहुँ, कोदोलगायत बालीमा क्षति पुऱ्याउने बागवानी विकास अधिकृत चौहान जानकारी दिइन् । उनका अनुसार यस किराको लार्भाले मकैको पात गुभो, घोगा तथा डाँठमा समेत क्षति पुऱ्याउने गर्छ । यसले कलिलो अवस्थाको मकैको गुभोमा असर गर्छ भने बिरुवा बढ्दै गएपछि पातमा प्वाल पार्ने र छियाछिया बनाउने गर्छ ।

चौहानले पुराना मकैका ठुटा आगो लगाएर जलाउन, मकै भाँचिसकेपछि खेतबारी गहिरोसँग खनजोत गर्न, मकै उम्रेदेखि नियमित रूपमा खेतबारीको अवलोकन गरी किरोबारे बुझ्न र केही समय बारी खाली राख्न सुझाइन् ।

उनले मकैलाई कोसेबालीसँग अन्तर बाली लगाउँदा संक्रमण कम हुने, पासोबालीको रूपमा नेपियर घाँसको प्रयोग गर्न, किराको संक्रमण देखिएमा नीमजन्य विषादी प्रयोग गर्न पनि सुझाव दिइन् ।

उता, भोजपुरमा वैशाख अन्तिम साताबाट अमेरिकन फौजी किराको समस्या बढेको कृषकले बताएका छन् ।

किराले गोड्ने बेला भएको मकैको गुबो, पात खाइदिने गर्दा बोट पहेँलो भएर मर्ने समस्या छ । यस वर्ष विशेष गरी तल्लो भेगको मकैमा किराको समस्या बढी देखिएको छ ।



भोजपुर नगरपालिकाको टक्सार, बोखिम, दाँवा तथा पौवादुङ्मा, टेम्केमैयुङ, अरुण गाउँपालिकालगायत तल्लो क्षेत्रमा फौजी किराको समस्या देखिएको किसानको भनाइ छ । किराका कारण यसपालि मकै उत्पादन घट्न सक्ने किसान बताउँछन् ।

कृषि ज्ञान केन्द्र भोजपुरले किरा नियन्त्रणका लागि किसानलाई प्राविधिक सहयोग गरिरहेको जानकारी दिएको छ । *रासस*

बाँकी पृष्ठ १ बाट ...

## चिनियाँ कम्पनीमाथि ...

'हाम्रो कम्पनीको नाममा अवैध रूपमा सम्पर्क इमेलहरू दर्ता गर्ने, सम्पर्क नम्बरहरू बनाउने र शाङचेङ जलविद्युत् स्टेशन निर्माण र सम्पन्न गरेको भूटा दाबी गरेर बोली लगाउने र छल गर्ने उद्देश्यले हाम्रो आधिकारिक छापको दुरुपयोग भएको छ ।' जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले हेचाउको लेटरहेड सहितको डिजिटल पत्र कुनै अज्ञात इमेलमार्फत प्राप्त भएको आर्थिक अभियानलाई बताए ।

उनका अनुसार उक्त पत्रमा जेसीईले पेश गरेको कागजात नक्कली भएको दाबी गरिएको छ । यद्यपि जगदुल्लालाई पत्र पठाइएको इमेल हेचाउकै आधिकारिक हो/होइन भन्ने अझै पुष्टि भइनसकेको उनले बताए ।

'जेसीईले ठेक्का प्रक्रियामा सहभागी हुँदा खेरी हेचाउ साङचेङ कम्पनीसँग मिलेर चीनमा जलविद्युत् आयोजना बनाएको कागजात पेश गरेको छ । सो कागजात पेश गर्ने क्रममा जेसीईले हेचाउ कम्पनीको इमेल ठेगाना र फोन नम्बरसमेत उल्लेख गरेको थियो,' उनले भने । 'तर, अहिले जेसीईले पेश गरेको कागजात नक्कली हो भनेर दाबीसहित हामीलाई प्राप्त भएको इमेल ठेगाना र जेसीईले आवेदन दिँदा पेश गरेको ठेगाना र फोन नम्बर मिलेको छैन ।'

उनका अनुसार यस विषयमा सीआईबी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेका छन् ।

'अनुसन्धानबाट गलत कागजात पेश भएको पुष्टि भएमा जेसीई र एएनके दुवै कम्पनीलाई कानूनअनुसार कालोसूचीमा राख्नेलगायत कारबाही हुनेछ,' सापकोटाले भने ।

## कर्मचारीको तलब ...

त्यसो त सरकारलाई कर्मचारी संगठनहरूले पनि तलब बढाउन दबाब दिइरहेका छन् । नेपाल निजामती कर्मचारी युनियनका सचिव प्रकाश भट्टराईले ३ वर्षदेखि तलब नबढेकाले आगामी बजेटबाट बढाउनैपर्ने बताउँछन् ।

उनका अनुसार महँगी बढेको छ । अहिलेको बजार मूल्यका आधारमा न्यूनतम ४५ हजार रुपैयाँबाट शुरू गरी सोहीअनुसार कर्मचारीको तलबमान निर्धारण गर्न आवश्यक छ । यसबाहेक ग्रेड रकम र पोशाक भत्ता पनि समयसापेक्ष वृद्धि गर्नु आवश्यक रहेको उनी बताउँछन् । 'अतिरिक्त शैक्षिक वृत्ति, उपचार खर्च, आवास तथा यातायात खर्चलगायत अन्य सुविधा उपलब्ध गराउनुपर्छ,' उनले भने, 'तलब बढ्दै गर्दा यही बहानामा महँगीसमेत बढ्न सक्ने भएकाले महँगी नियन्त्रणमा पनि सरकारले समुचित ध्यान पुऱ्याउन जरुरी छ ।' भट्टराई समान आय भएका अन्य देशको तुलनामा नेपालका कर्मचारीको तलब र अन्य सुविधा कम रहेको दाबी गर्दै कम्तीमा सार्क क्षेत्रका राष्ट्रहरूको समान हुने गरी तलबमान निर्धारण गर्नुपर्ने तर्क गर्छन् । उनका अनुसार तलब वृद्धि बजेटबाट नभई स्वचालित हुनुपर्छ ।

## बैंकर र व्यवसायी ...

नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले बैंकमा १ प्रतिशतभन्दा बढी शेयर भएको व्यक्तिले कुनै पनि उद्योग व्यवसायका लागि ऋण लिन नपाउने व्यवस्था आएमा डिजास्टर निम्तिने चेतावनी दिए । 'प्रमोटर शेयरबाट बाहिरिन नदिने, चाहिएका बेला ४ गुणा पूँजी थपेर पैसा हाल पनि भन्ने र अहिले बढी शेयर भएकाले कर्जा लिन पाउँदैन भन्नु न्यायोचित हुँदैन,' उनले भने, 'यो व्यवस्था जस्ताको त्यस्तै लागू भयो भने बजारमा उथलपुथल, डिजास्टर निम्तिन्छ ।' उनले बैंकमा लगानी गरेका संस्थापकहरू बाहिरिनका लागि प्रमोटर शेयरलाई पब्लिकमा लैजाने प्रावधान राख्न माग गरे ।

सोही छलफलमा नेपाल उद्योग परिसंघको बैंक तथा वित्तीय संस्था समितिका सभापति अनलराज भट्टराईले १ प्रतिशत शेयर हुने बित्तिकै ऋण लिन अयोग्य हुने प्रावधान संकुचनकारी भएको टिप्पणी गरे । 'कुनै व्यक्ति बैंक तथा वित्तीय संस्था खोल्छु, आफ्नो बैंकबाट कर्जा लिन्न र अर्कोबाट लिएर व्यापार व्यवसाय सञ्चालन गर्छु, रोजगारी बढाउँछु भन्ने विशुद्ध उद्देश्य लिएर अगाडि बढेको हुन्छ,' उनले भने, 'एक प्रतिशत शेयर छ भन्नेबित्तिकै उसलाई ऋण लिन अयोग्य बनाउने प्रावधान संकुचनकारी छ, यसलाई जस्ताको तस्तै पास गर्नु हुँदैन ।' विधेयकको दफा २ मा सम्बद्ध व्यक्तिको लामो परिभाषा गरी नियन्त्रण गर्न खोजिएको समेत उनले दाबी गरे ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहालले बैंकर र व्यवसायी छुट्ट्याउने प्रावधानले ठूलो असर नपर्ने भए पनि कार्यान्वयनका लागि भने पर्याप्त समय दिनुपर्ने बताए । 'बाफियाको प्रावधानले निजीक्षेत्रलाई त्रस्त बनाएको छ,' उनले भने, 'यसले ठूलो असर गर्छ जस्तो लाग्दैन, तर कार्यान्वयनका लागि पर्याप्त समय भने दिनुपर्छ ।' बैंकर र व्यवसायीबीचको स्वार्थ कम गर्न बैंकमा स्वतन्त्र तथा विज्ञ सञ्चालकको संख्या बढाउन उनले सुझाव दिए ।

यसअघि नेपाल बैंकर्स संघले पनि बैंकर र व्यवसायी छुट्ट्याउने प्रावधान लागू गर्न समय दिनुपर्ने सुझाव दिएको थियो । संघले सम्बद्ध व्यक्तिको परिभाषामा प्राकृतिक व्यक्तिलाई मात्र राख्न र उल्लेख्य शेयर स्वामित्वको प्रावधान राष्ट्र बैंकले तोकेको समयावधिपछि मात्र लागू हुने व्यवस्था राख्न अर्थ समितिमा सुझाव बुझाएको छ ।

२०८० माघमा तत्कालीन अर्थमन्त्री वर्षमान पुनले बाफिया विधेयक संसद्मा दर्ता गरेका थिए । त्यसपछि दफावार छलफलका लागि समितिमा पठाइएको विधेयकमा समितिले सरोकारवाला र विज्ञसँग छलफल गरिरहेको छ ।

सोमवारको छलफलमा नेपाली कांग्रेसका सांसद तथा व्यवसायी विनोद चौधरीले बाफिया विधेयक पुरानो भएको र यसलाई पुनः राष्ट्र बैंक पठाउन प्रस्ताव गरे । विधेयक पेश गर्दा र अहिले अर्थतन्त्रको कन्टेक्स्ट परिवर्तन भइसकेको भन्दै यसलाई पुनः मस्यौदा बनाउनुपर्ने उनको सुझाव थियो ।


## ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१३)**

यस मेट्रोभेष्ट बचत तथा ऋण सहकारी संस्था लि. धर्मपथ, न्युरोडका तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो ब्यबसायीक कार्यको लागि प्राप्त गरेको ऋणकर्जा संस्थालाई समय समयमा तिर्नू बूझाउनू पर्ने सांवा, व्याज आदी चूक्ता भूक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तारताकेता गर्दा समेत ऋणकर्जा चूक्ता भूक्तान गर्ने तर्फ कूनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चूक्ता भूक्तान गर्न यो सार्वजनिक सुचना जारी गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पुर्ण सांवा, व्याज आदी चूक्ता भूक्तान गर्नूहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी संस्थाको लेना रकम असूल उपर गरिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईएको छ । साथै तपसिलका ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षणमा व्यक्तिगत जमानी दिने र धितोबन्धक लेखिदिने तपसिल बमोजिमका व्यक्तीहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनूरोध गर्दै म्यादै भित्र कर्जा भूक्तानी गर्नू गराउनू हून सुचित गरिएको छ ।

**तपसिल**

**ऋणीको विवरण**

**क. श्री चन्द्र बहादुर तामाङ्ग** तुम्बले तामाङ्गको नाति, हरी बहादुर तामाङ्गको छोरा निलकण्ठ न.पा. वडा न.१४ धादिङ्ग हाल तार्केश्वर न.पा. वडा ४ लोलाङ्ग काठमाण्डौं बस्ने ना.प्र.नं. २६१/२०४४९ (जारि मिति २०६५/०४/०८, जिल्ला प्रशासन कार्यालय धादिङ्ग) बर्ष ३६ को चन्द्र बहादुर तामाङ्ग

**धनजमानीको नाम थर ठेगाना**

**श्रीमति शान्ति माया तामाङ्ग** राज बहादुर तामाङ्गको छोरी हरी बहादुर तामाङ्गको बुहारी, धुवाकोट. वडा न.१ धादिङ्ग हाल तार्केश्वर न.पा. वडा ४ लोलाङ्ग काठमाण्डौं बस्ने ना.प्र.नं.२६-०१-७३-०३२८८ (जारि मिति २०७३/०३/०६, जिल्ला प्रशासन कार्यालय धादिङ्ग ) बर्ष ३६ को शान्ति माया तामाङ्ग

**ऋणीको विवरण**

**ख. श्रीमति बिषन तामाङ्ग** तुम्बले तामाङ्गको नाति, हरी बहादुर तामाङ्गको छोरी धुवाकोट. वडा न.१ धादिङ्ग हाल तार्केश्वर न.पा. वडा ४ लोलाङ्ग काठमाण्डौं बस्ने ना.प्र.नं. २६-०१-७३-०९७९१ (जारि मिति २०७३/०९/०६, जिल्ला प्रशासन कार्यालयधादिङ्ग) बर्ष २५ की बिषन तामाङ्ग

**धनजमानीको नाम थर ठेगाना**

**श्री चन्द्र बहादुर तामाङ्ग** तुम्बले तामाङ्गको नाति, हरी बहादुर तामाङ्गको छोरा निलकण्ठ न.पा. वडा न.१४ धादिङ्ग हाल तार्केश्वर न.पा. वडा ४ लोलाङ्ग काठमाण्डौं बस्ने ना.प्र.नं. २६१/२०४४९ (जारि मिति २०६५/०४/०८, जिल्ला प्रशासन कार्यालय धादिङ्ग) बर्ष ३६ को चन्द्र बहादुर तामाङ्ग

**धितोको विवरण**: चन्द्र बहादुर तामाङ्गको नाममा रहेको काभ्रेस्थली वडा नं. ९ स्थित कित्ता नं. ११७ क्षेत्रफल ०-४-१-० १३५.११ बर्ग मि. तथा धर्मस्थली वडा नं. ५ स्थित कित्ता नं. ९६३ र ३२६ क्षेत्रफल ०-४-२-० १४३.०६ बर्ग मि. र ०-४-०-० १२७.२६ बर्ग मि. को जग्गा तथा सोले चर्चेको लिगलगापात समेत ।

(जिल्ला सहकारी कार्यालय, काठमाडौंबाट स्वीकृति प्राप्त)

**मेट्रोभेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
**MetroVest Saving & Credit Co-operative Ltd.**
सिद्धिचरण मार्ग, धर्मपथ, न्युरोड, फोनः ५३४५२३०, ५३४५२०६



## लिलाम विक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८२/०२/१३ गते**

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित विभिन्न शाखाबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले मिति २०८१/८/२७, २०८१/८/२० गतेको नेपाल समाचार पत्र, मिति २०८१/८/२७ गतेको नेपाल समाचार पत्र र मिति २०८१/५/२० गतेको आर्थिक अभियान दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तपाँई ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको वा धितो रहेको सवारी साधनहरु तपसिलमा उल्लेखित धितो वापत रहेको सवारी साधनहरु तथा अचल सम्पत्ती समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । साथै यस सूचना बमोजिम धितो लिलाम विक्री हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

### धनगढी शाखा :

१) **ऋणी : बि. एस. ट्रेड एण्ड सप्लायर्स ( प्रो. सुन्दरी चौधरी, ना.प्र.नं. ६०८६१ जारी मिति २०६१/०६/०८, कैलाली )**
**दर्ता नं. : २४८५६/०७४/७५ ( नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी, कैलाली )**
**दर्ता मिति : २०७४/०९/०२**
पान नं. : ६०७२८०५१७
ठेगाना : कैलाली जिल्ला, ध.उ.म.न.पा. वडा नं. ०५

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) सुकै चौधरी, बुवा : भिखारी थारु, बाजे : चेचुराम चौधरी
ठेगाना : ध.उ.म.न.पा. वडा नं. ०३, कैलाली
ख) सुन्दरी चौधरी, बुवा : लवारीदास चौधरी, ससुरा : भिखारी थारु, पति : सुकै चौधरी
ठेगाना : ध.उ.म.न.पा. वडा नं. ०३, कैलाली

**धितो सुरक्षणको विवरण :**
१) श्री भिखारी थारुकी बुहारी, सुकै चौधरीकी श्रीमती, कैलाली जिल्ला, ध.उ.म.न.पा वडा नं. ०३ बस्ने सुन्दरी चौधरीका नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, ध.न.पा. वडा नं.–०३ स्थित कि.न. क्रमशः २९ र ३५ क्षेत्रफल ३३८.६३ र २०३.१६ व.मी. को जग्गा तथा सोको लिगलगापात समेत ।

२) **ऋणी : दुर्गा बहुउद्देश्य कृषी फर्म ( प्रो. दुर्गा देबी थापा, ना.प्र.नं. ६७-०१-७४-०७२१८, जारी मिति : २०७४/०५/२६ कैलाली )**
**दर्ता नं. : १४१०५ ( प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालाय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी कैलाली )**
**दर्ता मिति : २०७७/०७/०४**
पान नं. : ६१४०९२५५६
ठेगाना : धनगढी उ.म.न.पा. ७, कैलाली ।

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) दुर्गा देबी थापा, पति : कृष्ण थापा, ससुरा : बिर बहादुर थापा, वावु : लाल सि वीस्ट
ठेगाना : ध.उ.म.न.पा. वडा नं. ०७, कैलाली
(ख) कृष्ण थापा, पिता : बिर बहादुर थापा, बाजे : नरभान थापा
ठेगाना : ध.उ.म.न.पा. वडा नं. ०७, कैलाली

**धितो सुरक्षणको विवरण :**
१) श्री नरभान थापाको नाती, बिर बहादुर थापाको छोरा, कैलाली जिल्ला, ध.उ.म.न.पा. वडा नं. ०७ बस्ने कृष्ण थापाको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मसुरिया गा.वि.स. वडा नं.–०५, हाल गौरीगंगा न.पा. ८ स्थित कि.न. ९२८ क्षेत्रफल २०१७.०० व.मी. को जग्गा तथा सोको लिगलगापात समेत ।

३) **ऋणी : संतोषी ट्रेडर्स एण्ड सप्लायर्स ( प्रो. कृष्ण प्रसाद ड. थारु, ना.प्र.नं. १२७९५, जारी मिति : २०४१/११/०४**
**दर्ता नं. : १२८११/०६४/६५ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग धनगढी कैलाली )**
**दर्ता मिति : २०६५/०२/०८**
पान नं. : ३०२८४४२४१
ठेगाना : धनगढी नगर पालिका ७, मनेहरा कैलाली ।

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) कृष्ण प्रसाद ड. थारु, बावु : आईतवारी ड. थारु, बाजे : दासुराम ड. थारु
ध.उ.म.न.पा. वडा नं. ७, मनेहरा कैलाली
ख) संताषी चौधरी कुष्मी, पति : कृष्ण प्रसाद ड. थारुको, ससुरा : आईतवारी ड. थारु
ग) ध.उ.म.न.पा. वडा नं. ७, मनेहरा, कैलाली
घ) डेनिस कुमार चौधरी, बावु : कृष्ण प्रसाद ड. थारु, बाजे : आईतवारी ड. थारुका
ध.उ.म.न.पा. वडा नं. ७, मनेहरा कैलाली

कर्जा शिर्षक : व्यापार कर्जा ओभरड्राफ्ट
१) श्री दासुराम ड. थारुको नाती, आईतवारी ड. थारुको छोरा, ध.उ.म.न.पा. वडा नं. ७, मनेहरा बस्ने कृष्ण प्रसाद ड. थारुको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी ध.उ.म.न.पा. वडा नं. ७, स्थित कि.नं. ३३०, ३३३, ३३१, ३३४ र ४४८ क्षेत्रफल क्रमशः ४९५, १३, १७.५०, १६८.८० र २३८ व.मि. जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री आईतवारी ड. थारुको वुहारी, कृष्ण प्रसाद ड. थारुको श्रीमती, ध.उ.म.न.पा. वडा नं. ७, मनेहरा बस्ने संतोषी चौधरी कुष्मीको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७, स्थित कि.नं. ३२९ क्षेत्रफल ७५४ व.मि. जग्गा तथा सोको लिगलगापात समेत ।

### रुकुम शाखा :

**ऋणी : महेन्द्र बुढा मगर ( ना.प्र.प.नं. : ३५८८/१४९५) जारी मिति : २०४५/०२/१६, रुकुम )**
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं.–८, सेरा, हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व
बाबु : हर्क बहादुर बुढा, बाजे : डिल प्रसाद बुढा

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) महेन्द्र बुढा मगर, बाबु : हर्क बहादुर बुढा, बाजे : डिल प्रसाद बुढा
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं.–८, सेरा, हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पूर्ब
ख) सुनपुरी बुढा मगर, बाबु : खेमान बुढा, ससुरा : हर्क बहादुर बुढा, पति : महेन्द्र बुढा मगर
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं.–८, सेरा हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व

कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

**धितो सुरक्षणको विवरण :**
श्री महेन्द्र बुढा मगरको पत्नी, खेमान बुढाको छोरी, हर्क बहादुर बुढा मगरको बुहारी, जिल्ला रुकुम, तकसेरा गा.वि.स. वडा नं. ८, सेरा ( हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व ) बस्ने सुनपुरी बुढा मगरको नाममा मालपोत कार्यालय रुकुममा दर्ता श्रेस्ता कायम रहेको रुकुम जिल्ला, खलंगा गा.वि.स. वडा नं. १ (नक्सा सि.नं. ९९५) स्थित कि.नं. ३६७१ र ३६७३ को क्षेत्रफल क्रमशः २०१०.०० र २००.०० बर्ग मिटरको घरजग्गा तथा सोको रहेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८२/०२/२७ गते ( मंगलबार कार्यालय समय भित्र )
**खोलिने मिति :** २०८२/०२/२८ गते ( बुधबार, दिनको ३ बजे )
**स्थान :** महालक्ष्मी विकास बैंक लि.को शाखा सम्वन्धीत शाखा कार्यालय

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | भरतपुर गार्डेन रिसोर्ट, चितवन | जेठ १६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ८ |
| २ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अन्नपूर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, काठमाडौं | जेठ २२ | ११:३० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ८ |
| ३ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०७८/७९, २०७९/८०, २०८०/८१ | धुम्रबाराह भन्यू, धुम्रबाराह भेन्यू, काठमाडौं | जेठ २३ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ९ |
| ४ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | कम्पनीको रजिष्टर्ड कार्यालय विरेन्द्रनगर, सुर्खेत | जेठ २३ | ११:०० | | | सञ्चालकको नियुक्ति/निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ९ |
| ५ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | जेठ २५ | ११:०० | ४.५ | ०.२४ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ११ |
| ६ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | ट्रिपल क्राउन रिसोर्ट, गलौदी, धादिङ्ग | जेठ २५ | १०:३० | | | शेयर संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १२ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | जेठ २६ | ११:०० | ८ | ०.४२१ | हकप्रद शेयर जारी गर्ने निर्णय रद्द गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १६ |
| ८ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | जेठ २९ | ११:०० | २.५ | ०.१३१५७९ | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| ९ | रिलायन्स फाइनान्स लिमिटेड | २०८०/८१ | अनुपम फुड ल्याण्ड एण्ड ब्याङ्क्वेट प्रा.लि. बत्तीसपुतली, गौशाला, काठमाडौं | जेठ २८ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १४ |
| १० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार २ | ११:०० | १२ | ०.६३ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २६ |
| ११ | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | २०८०/८१ | भरतपुर नगरपालिका उद्योग परिसर, चितवन | असार ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २० |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| २ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ३ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ४ | वर्नबास म्यूजियम होटल लिमिटेड | ३,९६०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ५ | माउण्टेन ग्लोरी लिमिटेड | ४,०००,००० | १०० | लक्ष्मी सनराइज क्यापिटल लिमिटेड | २०८१ चैत २६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

## एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

### एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७७/०७/२१ मा योजना संचालन अनुमति प्राप्त खुल्लामूखी योजना

### २०८२ बैशाख मसान्तको खुद सम्पति मूल्य सम्बन्धी विवरण

| क्र.सं. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य | गत मासिक मसान्त सम्पत्ति मूल्य |
|---|---|---|---|
| | **सूचिकृत धितोपत्रमा लगानी** | | |
| १ | शेयर | ४९५,२२०,०८० | ४०७,४७९,४९२ |
| २ | ऋणपत्र | ३५३,६५४,०७५ | ३५३,६८४,०४१ |
| | **सुचिकृत नभएको धितोपत्रमा लगानी** | | |
| १ | शेयर | २५,६२३,९३१ | ५,८५३,९५९ |
| २ | ऋणपत्र | - | - |
| ३ | मुद्दती निक्षेप | ८०,०००,००० | ८०,०००,००० |
| | **कूल लगानी (क)** | **९५४,४९८,०८७** | **८४७,०१७,४९२** |
| | **चालु सम्पत्ति** | | |
| १ | बैंक मौज्दात | ३८६,३०४,६४१ | ४४२,६५९,०७६ |
| २ | अन्य सम्पत्ति | १०,०१९,८६७ | ११,७५३,५२४ |
| | **जम्मा (ख)** | **३९६,३२४,५०९** | **४५४,४१२,६००** |
| | **चालु दायित्व** | | |
| १ | चालु दायित्व | - | ३,६०१,४८५ |
| २ | भुक्तानी दिनुपर्ने शुल्क | ३,७९३,९८९ | १,०७३,३९५ |
| | **जम्मा (ग)** | **३,७९३,९८९** | **४,६७४,८८०** |
| | **कूल सम्पत्ति** | **१,३४७,०२८,६०७** | **१,२९६,७५५,२१२** |
| १ | योजना व्यवस्थापक शुल्क | १,७१६,०७८ | १,६५२,०३१ |
| २ | डिपोजीटरी शुल्क | २२८,८१० | २२०,२७१ |
| ३ | कोष सुपरीवेक्षक शुल्क | ११४,४०५ | ११०,१३५ |
| | **खूद सम्पत्ति** | **१,३४४,९६९,३१४** | **१,२९४,७७२,७७५** |
| | जम्मा जारी इकाई संख्या | १२९,४७४,४९० | १२४,३५१,८३३ |
| | **प्रति इकाई खूद सम्पत्ति मूल्य** | **१०.३९** | **१०.४१** |

### २०८२ बैशाख मसान्तको आय व्यय विवरण

| क्र.सं. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य | गत मासिक मसान्त सम्पत्ति मूल्य |
|---|---|---|---|
| | **आम्दानी** | | |
| १ | प्राप्त भइसकेको आम्दानी/(नोक्सान) | ३७,२२३,२४३ | ३६,६०१,०४६ |
| २ | प्राप्त भइनसकेको आम्दानी/(नोक्सान) | २,८२७,६११ | ४,२७१,१७२ |
| | **जम्मा आम्दानी** | **४०,०५०,८५५** | **४०,८७२,२१८** |
| | **खर्च** | | |
| १ | सुचना तथा प्रकाशन स्वर्च | ३५०,४०१ | ३३२,३२१ |
| २ | योजना व्यवस्थापन शुल्क | १३,२९९,६०२ | ११,६७४,८४४ |
| ३ | डिपोजीटरी शुल्क | १,७७३,२८० | १,५५६,६४६ |
| ४ | कोष सुपरीवेक्षक शुल्क | ८८६,६४० | ७७८,३२३ |
| ५ | योजना लेखा परीक्षण शुल्क | ९३,८०६ | ८४,२०८ |
| ६ | सिडिएससि वार्षिक शुल्क | २७०,००० | २७०,००० |
| ७ | अन्य स्वर्च | २,५१९,३१९ | २,१७१,२२३ |
| ८ | बुक बिल्डिङ शुल्क | ५,००० | ५,००० |
| | **जम्मा खर्च** | **१९,१९८,०४९** | **१६,८७२,५६५** |
| | **कूल नाफा/(नोक्सान)** | **२०,८५२,८०६** | **२३,९९९,६५३** |

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ बैशाख मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शूल्क समेत) रु. ८८१,२७४,२८०।८० रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएकोछ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

### सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु.) |
|---|---|---|---|
| **क)** | **वाणिज्य बैंक** | | |
| १ | कृषि विकास बैंक लिमिटेड | ५३,१३७ | १४,९३५,७४८ |
| २ | नेपाल बैंक लिमिटेड | ३०,६८३ | ७,५२१,९३७ |
| ३ | सानिमा बैंक लिमिटेड | २७,८०६ | ८,४९४,७३३ |
| ४ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | ४०,१७० | ७,९४६,०२८ |
| ५ | लक्ष्मी सनराइज बैंक लिमिटेड | ३८,१०३ | ७,७९२,८२६ |
| ६ | ग्लोबल आइएमई बैंक लिमिटेड | ४३,९८३ | ९,४८५,३७४ |
| ७ | प्राइम कमर्सियल बैंक लिमिटेड | ४८,४७१ | ११,४८४,२३४ |
| ८ | नबिल बैंक लिमिटेड | ५०,१४७ | २४,२६३,६२६ |
| **ख)** | **विकास बैंक** | | |
| १ | कामना सेवा विकास बैंक लिमिटेड | ३३,४४० | १५,१४५,६४५ |
| २ | गरिमा विकास बैंक लिमिटेड | ३१,६४६ | १२,७००,४८९ |
| ३ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | ३९,४८७ | १६,३७०,५२० |
| **ग)** | **लघुवित्त वित्तीय संस्था** | | |
| १ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | २१,७५५ | १८,४३८,६६८ |
| २ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | २२,४७५ | १५,०४७,६८७ |
| ३ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १,९५७ | २,५२७,५४४ |
| ४ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८,९४३ | ६,९५५,०६१ |
| ५ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २५५ | ५६०,४२९ |
| ६ | साना किसान विकास बैंक लिमिटेड | १२,१३४ | ९,६०४,६६८ |
| **घ)** | **जीवन विमा कम्पनी** | | |
| १ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५७,३०३ | ४१,३३०,९३५ |
| २ | नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २७,४५० | १७,०८१,५८६ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २१,००७ | १५,८३९,९०८ |
| ४ | सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३१,०८८ | १३,४६१,७२६ |
| ५ | आईएमई लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २,३०६ | १,०४०,३७५ |
| ६ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २,०४६ | १,०१०,४१७ |
| ७ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४,००० | १,६२८,४४० |
| ८ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,३७९ | ३,६५१,८९५ |
| ९ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | १३,४६० | ५,४४६,७२४ |
| १० | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,३५१ | २,७९१,३६९ |
| **ङ)** | **निर्जीवन विमा कम्पनी** | | |
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | १६,८०८ | ९,५३३,३३० |
| २ | सानिमा जीआइसी इन्स्योरेन्स लिमिटेड | १८,११२ | १०,१६२,८२४ |
| ३ | आइजीआई प्रुडेन्सियल इन्सुरेन्स लिमिटेड | २०,३९५ | ११,०३१,६५६ |
| ४ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ३९,०५८ | २६,२६६,८९६ |
| ५ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २५,४७८ | १९,८७०,२९२ |
| ६ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ६,१४२ | ४,७२४,९१८ |
| ७ | प्रभु इन्स्योरेन्स लिमिटेड | ३०,२५१ | २६,२६०,२८८ |
| ८ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | १७,४८४ | १३,९५८,५२६ |
| ९ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | २१,२०० | १६,११७,०८८ |
| १० | नेको इन्स्योरेन्स लिमिटेड | २१,०३२ | १४,६७१,०८२ |
| ११ | युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | १७,४६५ | १०,४७९,००० |
| १२ | नेपाल माइक्रो इन्स्योरेन्स लिमिटेड | १,३४७ | २,८०३,१३४ |
| **च)** | **म्युचुअल फण्ड** | | |
| १ | कुमारी इक्विटी फण्ड | ३००,००० | २,७०९,००० |
| २ | आरविवि म्युचल फण्ड १ | २५०,००० | २,२८०,००० |
| ३ | एनआईबिएल ग्रोथ फण्ड | २,०००,००० | १७,२४०,००० |
| ४ | कुमारी सबल योजना | ५००,००० | ४,४०५,००० |
| ५ | नबिल फ्लेक्सी क्याप फण्ड | २५०,००० | २,८३५,००० |
| **छ)** | **जलविद्युत** | | |
| १ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ५,००० | १,९२२,४०० |
| २ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ४ | २,६५० |
| ३ | अपि पावर कम्पनी लिमिटेड | १४,९९४ | ४,४३४,६२५ |
| **ज)** | **अन्य** | | |
| १ | ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड | १,६४९ | ९५३,७८२ |
| | **जम्मा** | **४,२२२,४०१** | **४९५,२२०,०८०** |

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११९७७/७८/८८, फयाक्सः ९७७-०१-५१११९८० टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

## एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

### एन आई सी एशिया सेलेक्ट-३० (इन्डेक्स फण्ड)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७८/०१/३१ मा योजना संचालन अनुमति प्राप्त २०७८/०३/२३ देखि २०८५/०३/२२ सम्म अवधि भएको ७ वर्षे योजना

### २०८२ बैशाख मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

| क्र.सं. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.) | गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.) |
|---|---|---|---|
| | **सुचीकृत धितोपत्रमा लगानी** | | |
| १ | शेयर | १,०२५,३१७,८७९ | ९५०,५२३,४२६ |
| २ | ऋणपत्र | - | - |
| | **सुचीकृत नभएको धितोपत्रमा लगानी** | | |
| १ | शेयर | २४,४३५,५६१ | १९,७०१,८४९ |
| २ | ऋणपत्र | - | - |
| ३ | मुद्दती निक्षेप | १३७,५००,००० | १३७,५००,००० |
| | **कुल लगानी (क)** | **१,१८७,२५३,४४०** | **१,१०७,७२५,२७५** |
| | **चालू सम्पत्ति** | | |
| १ | बैंक मौज्दात | १४६,०२९,९३३ | २५०,२४९,१९३ |
| २ | अन्य सम्पत्ति | १,७९३,९७० | ६६६,५९७ |
| | **जम्मा (ख)** | **१४७,८२३,९०३** | **२५०,९१५,७९०** |
| | **चालु दायित्व** | | |
| १ | चालु दायित्व | - | ४,०१६,७१७ |
| २ | भुक्तानी दिनुपर्ने शुल्क | २७३,०९८ | १२७,१६५ |
| | **जम्मा (ग)** | **२७३,०९८** | **४,१४३,८८२** |
| | **कूल सम्पत्ति (क+ख-ग)** | **१,३३४,८०४,२४५** | **१,३५४,४९७,१८२** |
| १ | योजना व्यवस्थापक शुल्क | १,७००,५०४ | १,७२५,५९२ |
| २ | डिपोजीटरी शुल्क | २२६,७३४ | २३०,०७९ |
| ३ | कोष सुपरीवेक्षक शुल्क | ११३,३६७ | ११५,०३९ |
| **खुद सम्पत्ति** | | **१,३३२,७६३,६४०** | **१,३५२,४२६,४७२** |
| **जम्मा जारी इकाई संख्या** | | **१२५,०००,०००** | **१२५,०००,०००** |
| **प्रति इकाई खुद सम्पत्ति मूल्य** | | **१०.६६** | **१०.८२** |

### २०८२ बैशाख मसान्तको आय व्यय विवरण

| क्र.सं. | विवरण | यस मासिक मसान्त (रु.) सम्पत्ति मूल्य | गत मासिक मसान्त (रु.) सम्पत्ति मूल्य |
|---|---|---|---|
| | **आम्दानी** | | |
| १ | प्राप्त भइसकेको आम्दानी/(नोक्सान) | ९६,००८,७५३ | ९४,६६२,०९७ |
| २ | प्राप्त भइनसकेको आम्दानी/(नोक्सान) | ७,७५१,३३८ | २६,४२८,२१३ |
| | **जम्मा आम्दानी** | **१०३,७६०,०९१** | **१२१,०९०,३१०** |
| | **खर्च** | | |
| १ | सूचना तथा प्रकाशन स्वर्च | २९९,४०३ | २८१,३२३ |
| २ | बैंक शुल्क | २,३३५ | २,२६७ |
| ३ | योजना व्यवस्थापन शुल्क | १७,६२७,२९० | १५,९४३,४९७ |
| ४ | डिपोजीटरी शुल्क | २,३५०,३०५ | २,१२५,८०० |
| ५ | कोष सुपरीवेक्षक शुल्क | १,१७५,१५३ | १,०६२,९०० |
| ६ | योजना लेखा परीक्षण शुल्क | ९२,२८३ | ८२,८६७ |
| ७ | सिडिएससि वार्षिक शुल्क | १७०,००० | १७०,००० |
| ८ | स्टक एक्सचेञ्ज वार्षिक शुल्क | ५०,००० | ५०,००० |
| ९ | बुक बिल्डिङ शुल्क | ५,००० | ५,००० |
| १० | अन्य स्वर्च | ९१४,४९४ | ६२९,९९६ |
| | **जम्मा खर्च** | **२२,६८६,२६२** | **२०,३५३,६४९** |
| | **कुल नाफा / (नोक्सान)** | **८१,०७३,८२९** | **१००,७३६,६६१** |

नोटः
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ बैशाख मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु.१,०४२,९८२,३५०.३२४ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

### सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु) |
|---|---|---|---|
| **क)** | **वाणिज्य बैंक** | | |
| १ | माछापुच्छ्रे बैंक लिमिटेड | १५०,११९ | ३१,७५७,६७४ |
| २ | सानिमा बैंक लिमिटेड | १४८,४२० | ४५,३४२,३१० |
| ३ | प्रभु बैंक लिमिटेड | १०९,८९७ | २१,७८५,९८१ |
| ४ | नेपाल बैंक लिमिटेड | १०५,५३७ | २५,८७२,३९६ |
| ५ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | ११२,६२८ | २२,२७८,९४५ |
| ६ | कृषि विकास बैंक लिमिटेड | १३६,३४८ | ३८,३२४,६९६ |
| ७ | प्राइम कमर्सियल बैंक लिमिटेड | १३९,६५३ | ३३,०८७,९८५ |
| **ख)** | **विकास बैंक** | | |
| १ | महालक्ष्मी विकास बैंक लिमिटेड | १०८,०८६ | ४४,२६८,७८३ |
| २ | गरिमा विकास बैंक लिमिटेड | ९५,५५३ | ३८,३४८,२८५ |
| ३ | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड | ११३,६२८ | ४७,१०७,८९६ |
| **ग)** | **निर्जीवन विमा कम्पनी** | | |
| १ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ८९,७७७ | ६०,३७५,९३० |
| २ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ७३,७४० | ५८,८७१,०६६ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ७७,०८६ | ६६,९१६,८१५ |
| ४ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ४६,६६६ | २५,२४१,६३९ |
| ५ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ४९,५८५ | २८,१२४,११६ |
| ६ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ५१,९७९ | ४०,५३८,४२२ |
| ७ | नेपाल माइक्रो इन्स्योरेन्स लिमिटेड | १,५१३ | ३,१४८,५८३ |
| **घ)** | **जीवन विमा कम्पनी** | | |
| १ | नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ११५,२५५ | ७१,७२०,८८१ |
| २ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ९१,४१८ | ३७,२१७,१८२ |
| ३ | सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ११६,३५८ | ५०,३८५,३४१ |
| ४ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,४२२ | ३,७६५,७६९ |
| ५ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ९५,९६४ | ६९,२१५,९५४ |
| ६ | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,५११ | ३,१२१,९५३ |
| **ङ)** | **हाइड्रोपावर कम्पनी** | | |
| १ | रिडी पावर कम्पनी लिमिटेड | २७,९१८ | ७,६१६,३१० |
| २ | अपि पावर कम्पनी लिमिटेड | १४,६०० | ४,३१८,०९६ |
| **च)** | **म्युचुअल फण्ड** | | |
| १ | एनआईबिएल ग्रोथ फण्ड | १,०००,००० | ८,६२०,००० |
| २ | सनराइज फोकस्ड इक्विटी फण्ड | १,५००,००० | १४,१३०,००० |
| ३ | सिद्धार्थ इन्भेष्टमेण्ट ग्रोथ स्किम ३ | १,९५०,००० | १९,७३४,००० |
| ४ | कुमारी सबल योजना | ५००,००० | ४,४०५,००० |
| ५ | एनआईबिएल स्टेबल फण्ड | ३,०००,००० | २४,९६०,००० |
| ६ | सिटिजन्स सुपर ३० म्युचुअल फण्ड | १,५००,००० | १४,३५५,००० |
| ७ | एनएमबि हाइब्रिड फण्ड एल-२ | १,०००,००० | ८,४१०,००० |
| **छ)** | **लघुवित्त वित्तीय संस्था** | | |
| १ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ४०,७९८ | २७,३१५,४८५ |
| **ज)** | **अन्य** | | |
| १ | हिमालयन रि इन्स्योरेन्स लिमिटेड | २४,९७९ | २४,०४०,७८९ |
| २ | ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड | १,०२८ | ५९४,५९५ |
| | **जम्मा** | **१२,५९१,४६६** | **१,०२५,३१७,८७९** |

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११९७७/७८/८८, फयाक्सः ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| २ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ३ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ४ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ५ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ६ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ७ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| ८ | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| ९ | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |
| १० | सोलार फार्म लिमिटेड | १,९२८,५७२ | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८२ वैशाख ७ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्गस लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| २ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ३ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ४ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ५ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ६ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ७ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| ८ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| ९ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १० | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| ११ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १२ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १३ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १४ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| १५ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| १६ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| १७ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| १८ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| १९ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २० | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २१ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २२ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २३ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २४ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| २५ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| २६ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| २७ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| २८ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| २९ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३० | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३१ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ३२ | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ३३ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ३४ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३५ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३६ | म्याग्दी हाइड्रोपावर लिमिटेड | ४,७४५,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ चैत २७ |
| ३७ | अर्बिट इनर्जी लिमिटेड | ५,०००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ वैशाख २२ |

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय पाटन, ललितपुरका तपसिलमा उल्लेखित ऋणी, प्रोप्राइटर तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकासित मिति २०८२/०२/१३ गते मंगलबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

**तपसिल**

**क. ऋणी, प्रोप्राईटर तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, ललितपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/१२/०९ गते प्रा.फ.द.नं. २२८५०/४१/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थमन्त्रालय आन्तरिक राजस्व कार्यालय ललितपुर-१ बाट मिति २०७७/१२/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. १२४००८२८५ को प्रमाणपत्र प्राप्त **बचन प्रिन्ट।**
फर्मको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २०।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : प्रियंका बज्राचार्य**<br>(ना.प्र.नं. २८-०१-७२-०४६६६, जारि मिति २०७२/०९/२० जि.प्र.का. ललितपुर)।<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं २०<br>(साविक ललितपुर उ.म.न.पा. वडा नं २१)।<br>बाबु : पृथ्वी राज बज्राचार्य। बाजे : नेम राज बज्राचार्य। | **जमानतकर्ता : ज्ञानी नानी शाक्य**<br>(ना.प्र.न. १७१४५ जारी मिति २०४२/११/१४, जि.प्र.का. ललितपुर)।<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा न. २०<br>(साविक ललितपुर न.पा. वडा नं. १५)।<br>बाबु : बज्र राज शाक्य। पति : पृथ्वी राज बज्राचार्य।<br>ससुरा : नेम राज बज्राचार्य। |

**ख. धितो सुरक्षण सम्पत्तिको विवरण :**
ऋणी **बचन प्रिन्ट**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........................................................१

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

## सम्हालिन खोज्दै नेप्से

# ५ दशमलव २१ अंक घटेको बजारमा साढे ७ अर्बमाथिको कारोबार

**अभियान संवाददाता**

काठमाडौं

पछिल्लो समय नेप्से परिसूचक बढ्नेभन्दा घट्ने क्रम नै बढी छ । आइतवार ८ दशमलव ५७ अंक घटेको बजार सोमवार ५ दशमलव २१ अंकले घटेको हो । शेयर धितो कर्जाको जोखिमभार १२५ प्रतिशतदेखि घटाएर १०० प्रतिशत कायम गरिएको छ । वित्तीय प्रणालीमा अधिक तरलता भए पनि पूँजीकोषमा दबाबका कारण कर्जा नबढेको अवस्थामा यो व्यवस्थाले आगामी दिनमा शेयर धितो कर्जा बढ्ने अपेक्षा राष्ट्र बैंकको छ । लगानीकर्ताले समेत शेयर धितोकर्जाको जोखिमभार १२५ प्रतिशतदेखि घटाएर १०० प्रतिशत कायम गराउन माग गर्दै आएका थिए । लगानीकर्ताको माग सम्बोधन भए पनि सोमवार बजारप्रति उत्साह भने बढेको छैन ।

यस दिन २ हजार ६७० दशमलव ३५ विन्दुसम्म झरेको बजार २ हजार ७४५ दशमलव ८९ विन्दुसम्म पुगेर अन्तिममा २ हजार ६७४ दशमलव ७६ विन्दुमा बन्द भएको हो । यस दिन ९२ कम्पनीको धितोपत्र मूल्य बढ्दा ओम मेगाश्री फर्मास्यूटिकल्सको ९ दशमलव ९९ प्रतिशत बढेको छ । ओम मेगाश्री फर्मास्यूटिकल्सको शेयर मूल्य प्रतिकित्ता ११२ रुपैयाँ ६० पैसाले बढेर १ हजार २३९ रुपैयाँ ३० पैसा कायम भएको हो ।

१५५ कम्पनीको धितोपत्र मूल्य घटेको अवस्थामा गुराँस लघुवित्तको १० प्रतिशतले र बाराही हाइड्रोपावरको शेयर मूल्य ९ दशमलव ८५ प्रतिशत घटेको छ । गुराँस लघुवित्तको शेयर मूल्य प्रतिकित्ता २९५ रुपैयाँ ९२ पैसाले घटेको हो भने बाराही हाइड्रोपावरको प्रतिकित्ता ९३ रुपैयाँ ८२ पैसाले घटेको हो । सोमवार अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ७ अर्ब ६० करोड रुपैयाँभन्दा बढीको १ करोड ८५ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा सोमवार ७ अर्ब ५८ करोड ५० लाख रुपैयाँ बराबरको १ करोड ७१ लाख ६० हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

कुल कारोबार रकममा सोमवार पनि राधी विद्युत् कम्पनीले सर्वाधिक हिस्सा ओगटेको छ । राधी विद्युत्को ६४ करोड ३१ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको कम्पनीको शेयर मूल्य भने प्रतिकित्ता १२ रुपैयाँ २४ पैसाले बढेर अन्तिम मूल्य ८०४ रुपैयाँ कायम भएको छ ।

यस दिन उत्पादन तथा प्रशोधनको शून्य दशमलव ७९ प्रतिशत र बैंकिङ्ग समूहको शून्य दशमलव १७ प्रतिशत परिसूचक बढेको छ । बाँकी समूहको परिसूचक घट्दा लघुवित्तको सर्वाधिक १ दशमलव ५० प्रतिशत घटेको हो ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण रू. ८ अर्ब ६८ करोडले घट्दै रू. ४४ खर्ब ५० अर्ब ७९ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ५९ अर्ब ४७ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४५ दशमलव १४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ४२ करोड ३८ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा बैंकिङ्ग समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ६ करोड ९२ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ७७ करोड ३३ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३९ करोड ६२ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३७ करोड ७१ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ । जसबाट सोमवारको बजारमा रू. ६१ करोड ६६ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | १,२३९.३० | ९.९९ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,६६३.२० | -१०.०० |
| उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,७३८.२९ | ६.१९ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | ८५८.७५ | -९.८५ |
| १०.३५% कृषि विकास बैंक डिबेन्चर २०८३ | १,११३.२० | ४.९८ | १०% एनआईसी एशिया डिबेन्चर २०८५/८६ | १,०९१.२० | -५.५२ |
| उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २,०२३.९९ | ४.३१ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १,०३६.२३ | -३.९२ |
| १०% एनआईएमबी डिबेन्चर २०९० | १,२१७.५० | ३.९७ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६४.८९ | -३.६५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन | ७,२१६.९५ | ०.७९ |
| २ | बैंकिङ्ग | १,३८८.३९ | ०.१७ |
| ३ | जलविद्युत् | ३,४३५.२० | -०.०६ |
| ४ | म्युचुअल फण्ड | १९.०८ | -०.०८ |
| ५ | वित्त | २,४०७.४२ | -०.१२ |
| ६ | व्यापार | ४,३०२.६९ | -०.१३ |
| ७ | लगानी | १११.१२ | -०.१५ |
| ८ | जीवन बीमा | १३,३०७.०७ | -०.२० |
| ९ | विकास बैंक | ५,४०८.७७ | -०.२७ |
| १० | निर्जीवन बीमा | १२,५१४.०५ | -०.३२ |
| ११ | अन्य | २,३४८.९९ | -०.४८ |
| १२ | होटल तथा पर्यटन | ६,७४०.१२ | -०.९१ |
| १३ | लघुवित्त | ४,८९९.५७ | -१.५० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३४२.३८ | ४५.१४ |
| २ | बैंकिङ्ग | १०६.९२ | १४.१० |
| ३ | लघुवित्त | ५८.८५ | ७.७६ |
| ४ | लगानी | ४८.९५ | ६.४५ |
| ५ | विकास बैंक | ४४.२१ | ५.८३ |
| ६ | जीवन बीमा | ३६.०२ | ४.७५ |
| ७ | अन्य | ३४.०३ | ४.४९ |
| ८ | उत्पादन तथा प्रशोधन | २१.६९ | २.८६ |
| ९ | होटल तथा पर्यटन | २०.५५ | २.७१ |
| १० | निर्जीवन बीमा | २०.२२ | २.६७ |
| ११ | वित्त | ११.८७ | १.५७ |
| १२ | संस्थापक शेयर | ९.६० | १.२७ |
| १३ | व्यापार | १.५७ | ०.२१ |
| १४ | ऋणपत्र | ०.८६ | ०.११ |
| १५ | म्युचुअल फण्ड | ०.७० | ०.०९ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| राधी विद्युत् कम्पनी लिमिटेड | ६४.३१ |
| डादी ग्रुप पावर लिमिटेड | ५६.८६ |
| युनिभर्सल पावर कम्पनी लिमिटेड | ४५.३९ |
| कुमारी बैंक लिमिटेड | २१.९५ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | १८.३५ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३७.७१ | ३९.६२ | ७७.३३ |
| ३४ | ३३.३१ | २८.३५ | ६१.६६ |
| ५६ | २१.८१ | २९.७२ | ५१.५४ |
| ४५ | २९.२५ | २२.२३ | ५१.४९ |
| ४२ | २७.३७ | २२.३४ | ४९.७१ |

## पियोर इनर्जीको आईपीओ एक महीनापछि नेप्सेमा सूचीकृत

काठमाडौं (अस) । पियोर इनर्जी लिमिटेडको आईपीओ बाँडफाँट भएको एक महीनापछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ ।

कम्पनीले सर्वसाधारणमा गत वैशाख ११ गते आईपीओ बाँडफाँट गरेको थियो । कम्पनीले सर्वसाधारणतर्फको १६ लाख कित्ता र संस्थापकतर्फको ६४ लाख कित्ता शेयर समेत कुल ८० लाख कित्ता शेयर जेठ १२ गते नेप्सेमा सूचीकृत गराएको हो ।

'पीयूआरई' स्टक संकेतबाट कम्पनीको शेयर सूचीकृत भएको हो । आजदेखि संस्थापक र सर्वसाधारणतर्फको आयोजना प्रभावित स्थानीय, कर्मचारी र सामूहिक लगानी कोष बाहेकका शेयर कारोबारयोग्य हुनेछ ।

कम्पनीले सर्वसाधारणमा जारी गरेको शेयरमध्ये आयोजना प्रभावित स्थानीयतर्फ १ लाख ६० हजार कित्ता, वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि १ लाख ४४ हजार कित्ता र कर्मचारीका लागि २८ हजार ८०० कित्ता र सामूहिक लगानीकोषका लागि ७२ हजार कित्ता रहेको छ ।

सामूहिक लगानीकोषको स्वामित्वमा रहेको शेयर सर्वसाधारणमा बाँडफाँट भएको मितिले ६ महीनासम्म र संस्थापक, स्थानीयसँगै कर्मचारीको स्वामित्वमा रहेको शेयर तीन वर्षसम्म 'लक-इन'मा रहनेछ ।

नेप्सेले कम्पनीको पहिलो शेयर कारोबारका लागि न्यूनतम प्रतिकित्ता ९६ रुपैयाँ ४५ पैसादेखि अधिकतम प्रतिकित्ता २८९ रुपैयाँ ३५ पैसासम्मको मूल्य रेञ्ज तोकेको छ । नेप्सेले तोकेको खुला मूल्यका आधारमा मंगलवार स्पेशल प्रि-ओपन सेसनमा कम्पनीको शेयर कारोबार भएपश्चात् नियमित सेसनमा कारोबार शुरू हुनेछ ।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | विकाश हाइड्रोपावर कम्पनी लि. |
|---|---|
| दिन | २०८२ जेठ १२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ३ लाख ५४ हजार ५५० |
| आवेदक संख्या | ५३ हजार ६६० |
| आवेदन परेको कित्ता | १२ लाख ४८ हजार ३१० |
| आवेदन परेको रकम | १२ करोड ४८ लाख ३१ हजार |
| निष्कासनको तुलनामा माग | ३.५२ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ जेठ २० गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

**आईपीओ अपडेट**

| कम्पनी | सान्भि इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८२ जेठ १२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २४ लाख १५ हजार ३०० |
| आवेदक संख्या | १५ लाख २३ हजार ९८९ |
| आवेदन परेको कित्ता | १ करोड ८८ लाख ९० हजार ५९० |
| आवेदन परेको रकम | १ अर्ब ८८ करोड ९० लाख ५९ हजार |
| निष्कासनको तुलनामा माग | ७.८२ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ जेठ १३ गते |
| विक्री प्रबन्धक | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. |

स्रोत : सीडीएससी

## आरविवि म्युचुअल फण्ड-१ ले वैशाखमा बैंक मुद्दती निक्षेप घटायो

काठमाडौं (अस) । आरविवि म्युचुअल फण्ड अन्तर्गत सञ्चालित आरविवि म्युचुअल फण्ड-१ ले वैशाखमा बैंक मुद्दती निक्षेपमा लगानी कम गरेको छ । चैत मसान्तसम्म ९ करोड रुपैयाँ रहेको बैंक मुद्दती निक्षेप रकम वैशाख मसातसम्म भने ७ करोड रुपैयाँमात्र कायम भएको हो । योजनाको बैंक मुद्दती निक्षेप समेत कुल लगानीको बजार मूल्य वैशाख मसान्तसम्म १ अर्ब २८ करोड रुपैयाँभन्दा बढी रहेको छ । योजनाले धितोपत्रमा गरेको लगानीको परल मूल्य धितोपत्र दलाल कमिशन समेत १ अर्ब ३२ करोड रुपैयाँभन्दा बढी रहेको छ । ७ वर्षे अवधिको बन्दमुखी प्रकृतिको यस योजनाले १२ करोड ५० लाख इकाई जारी गरेको थियो ।

वैशाख मसान्तसम्म योजनाको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) ११ रुपैयाँ ३ पैसा छ । चैत मसान्तसम्म १० रुपैयाँ ८५ पैसा रहेको योजनाको न्याभ वैशाखमा भने बढेको हो । योजनाको नाफा पनि पछिल्लो महीना बढेको छ । चैत मसान्तसम्म १० करोड ७१ लाख रुपैयाँभन्दा बढी नाफामा रहेको योजना वैशाख मसान्तसम्म भने १२ करोड ९८ लाख रुपैयाँभन्दा बढी नाफामा रहेको हो । यो महीना योजनाको आम्दानी बढेकाले नाफा बढेका हो । चैत मसान्तसम्म १२ करोड ५८ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको योजनाले वैशाख मसान्तसम्म भने १५ करोड ६ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको हो ।

**उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १२)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६७०६ | ५६८०५.८ | ३९३५१ |
| २ | बोटलर्स नेपाल (बालाजु) लि. | १७१५० | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १२६४७.९ | १८१०० | १२३०० |
| ४ | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. | १२३९.३ | १२३९.३ | २७० |
| ५ | हिमालयन डिष्टिलरी लिमिटेड | १२१४.८५ | १७४९ | ११३६ |
| ६ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८५०.८१ | १०६० | ६९६.८ |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५२४.३ | ७७९.९ | ४७०.५ |
| ८ | घोराही सिमेन्ट इण्डष्ट्री लि. | ५०३.९ | ६६८ | ४६० |
| ९ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ४६२.२७ | ६२४ | ४२५ |

**नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र**

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९% गुहेश्वरी डिबेन्चर २०८९ | ९.०० | ८ | २६०,००० | १०४,००० | १५६,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ चैत ३ |
| २ | ७% एनएमबि पावर बन्ड १ | ७.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८२ वैशाख ११ |
| ३ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ४ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ असार १४ |
| ५ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ६ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |

**जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १२)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | १९४१.२३ | ३३०० | १०२५ |
| २ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ९३७.७७ | १३६१.७ | ६६५ |
| ३ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ९३२.३२ | १६५७ | ४८७.२ |
| ४ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ९२९.६६ | १४७५ | ५१०.६ |
| ५ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ८९१.७९ | ११८० | ६३० |
| ६ | सुपरमाई हाइड्रोपावर लिमिटेड | ८७०.७ | १२८३ | ६७० |
| ७ | माण्डु हाइड्रोपावर लिमिटेड | ८६९.४५ | १४९३.१ | ८०५.६ |
| ८ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | ८५८.७५ | १३०८.४ | ५३० |
| ९ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८०९.४९ | ९९० | ४८० |
| १० | राधी विद्युत् कम्पनी लिमिटेड | ८०१.७७ | ८१४.४ | २२७ |
| ११ | शुभम पावर लिमिटेड | ७९६.९३ | ११०९.६ | ६६७.७ |
| १२ | माईखोला हाइड्रोपावर लिमिटेड | ७३८.४७ | ७६५ | ४१९.५ |
| १३ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ७०१.६६ | १२३१ | ४९९ |
| १४ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ६९५.३७ | ९२६.८ | ५९७.५ |
| १५ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ६८९.२३ | १००२.६ | ४५८ |
| १६ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ६७३.३७ | १०८० | ३६८ |
| १७ | सयपत्री हाइड्रोपावर लिमिटेड | ६७३ | ९२२ | ४७७.१ |
| १८ | एशियन हाइड्रोपावर लिमिटेड | ६७०.५१ | ९०४ | ४४६.२ |
| १९ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ६४७.५८ | ९१० | ५३२.२ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ६३१.४६ | ८६० | ३५७.७ |
| २१ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ६१५.९८ | ११०१ | ४२४ |
| २२ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६१४.७३ | ८१६ | ४७८ |
| २३ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ६११ | ९६१ | ४७३.५ |
| २४ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ५९४.५ | ८९०.४ | ४१४ |
| २५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५८६.६६ | ८०९.५ | ५५२.४ |
| २६ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ५७२.९५ | ९९७ | ४९० |
| २७ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ५६२.१७ | ७४५.६ | २८६.३ |
| २८ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५५९.४८ | ९९३.४ | ३८० |
| २९ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५५९.३३ | ७१४ | ३७१.२ |
| ३० | सानिमा माई हाइड्रोपावर लिमिटेड | ५५७.०८ | ६८० | ३१६ |
| ३१ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ५५५.५७ | ७९० | ३५६.३ |
| ३२ | दोल्ती पावर कम्पनी लिमिटेड | ५५४.९२ | १०१७ | ४०३ |
| ३३ | ईडवा हाइड्रोपावर लिमिटेड | ५५२.४८ | ८३८ | ३८४ |
| ३४ | साहस उर्जा लिमिटेड | ५२०.७२ | ७२५ | ४०९.५ |
| ३५ | कालिका पावर कम्पनी लिमिटेड | ५१८.८५ | ६५२.४ | ४१६.१ |
| ३६ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५१७.६९ | ७४२ | ४४० |
| ३७ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ५१५.७७ | ५४५ | २२७.४ |
| ३८ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५०९.५ | ५८९ | २३०.३ |
| ३९ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५०७.२६ | ६३७ | ३७० |
| ४० | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५०६.३८ | ७२२ | ४७१.७ |
| ४१ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५०१.५२ | ८०० | ३५९ |
| ४२ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ४९५.३४ | ७३५ | ४०२ |
| ४३ | बुटवल पावर कम्पनी लिमिटेड | ४९२.५८ | ५५५ | २८६ |
| ४४ | हिमालयन पावर पार्टनर लिमिटेड | ४९१.९७ | ७११ | २५० |
| ४५ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४८७.२६ | ६९७ | ४२७ |
| ४६ | रिभर फल्स पावर लिमिटेड | ४८५.२४ | १४८४ | ३४५ |
| ४७ | पिपुल्स पावर लिमिटेड | ४८१.१५ | ६४८.६ | ४२८ |
| ४८ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ४७६.४९ | ६९७ | ४३१ |
| ४९ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४७२.४ | ६९३ | ३२६.२ |
| ५० | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ४७१.३१ | ७५२ | ३८० |
| ५१ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ४६५.९३ | ६५५ | ३५५.१ |
| ५२ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४६३.४९ | ८२९.७ | ४५२.१ |
| ५३ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ४४८.७४ | ६९६ | ३०८ |
| ५४ | ग्रीन भेन्चर्स लिमिटेड | ४३७.९३ | ६९९.९ | ४२४ |
| ५५ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ४२८.३२ | ६४९.५ | ३१७ |
| ५६ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ४२७.५९ | ४४५ | १८३ |
| ५७ | हिमालयन हाइड्रोपावर लिमिटेड | ४२४.३३ | ६३५ | ३४५ |
| ५८ | न्यादी हाइड्रोपावर लिमिटेड | ४१९.६ | ८८० | २८० |
| ५९ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४११.०४ | ६२७ | ३०३.२ |
| ६० | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३८४.५ | ५२१.६ | २६५ |
| ६१ | डादी ग्रुप पावर लिमिटेड | ३८०.९८ | ५७१ | २५० |
| ६२ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३७९.८९ | ६९६ | ३५० |
| ६३ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३७७.४७ | ५२७ | २६०.३ |
| ६४ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३५६.३६ | ४१९.९ | २२७.८ |
| ६५ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ३४७.८२ | ६७१.६ | ३४५.१ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३४३.०२ | ४७५ | २१३ |
| ६७ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३३९.७८ | ४२७.२ | १८५.३ |
| ६८ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ३३०.५८ | ७०८ | ३२८ |
| ६९ | पाँचथर पावर कम्पनी लिमिटेड | ३२८.०५ | ३६७.२ | २२१.६ |
| ७० | युनियन हाइड्रोपावर लिमिटेड | ३१८.२३ | ३७१ | २१८.२ |
| ७१ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३१६.५७ | ४४२ | २५६ |
| ७२ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३१२.१२ | ४३३ | २८८.३ |
| ७३ | मोदी ईनर्जी लिमिटेड | ३०३.३२ | ३९३ | २१५ |
| ७४ | अपि पावर कम्पनी लिमिटेड | २९१.१७ | ३९० | १६३.८ |
| ७५ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २९०.२४ | ३४८.८ | २१९.६ |
| ७६ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | २८८.६४ | ५९९.७ | २८८ |
| ७७ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २७९.७८ | ३४९ | १४९ |
| ७८ | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २६४.४६ | ३३४.४ | १५१.५ |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २५९.७३ | ३७९ | २२६ |
| ८० | रिडी पावर कम्पनी लिमिटेड | २५८.०३ | ३११ | १५७.९ |
| ८१ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २५२.७५ | ३३६ | १९६ |
| ८२ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४७.३२ | ३२६.६ | १८३.६ |
| ८३ | घलेम्दी हाइड्रो लिमिटेड | २४६.१४ | ३१८ | १४१.६ |
| ८४ | अरुण काबेली पावर लिमिटेड | २४०.९८ | ३२६ | १५७.२ |
| ८५ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३१.६१ | २८१.१ | १५७.५ |
| ८६ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २१७.९८ | २९० | १३६ |
| ८७ | वलेफी हाइड्रोपावर लिमिटेड | २१६.७४ | ५२० | २११.७ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २१३.३४ | ३४४ | १७५.१ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०७.१५ | २७४.९ | १५०.९ |
| ९० | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २०२.१९ | २७३ | १२३.३ |
| ९१ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०१.६३ | २९५ | १५२.१ |

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**

**मदन भण्डारी राजमार्ग अन्तर्गत सन्धिखर्क - अर्घाखाँची (१२.५६ कि. मि) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनबाई सम्बन्धि सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१३)**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका र मालारानी गाउँपालिकामा सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| सन्धिखर्क - अर्घाखाँची (१२.५६ कि. मि) सडक खण्ड स्तरोन्नति आयोजना<br>लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका र मालारानी गाउँपालिका । | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय<br>ठेगाना : चाकुपाट, ललितपुर ।<br>फोन नं : +९७७-०१-५२६८१७४<br>ईमेल : mabhpd@gmail.com |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित नगरपालिका/गाउँपालिका अन्तर्गत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एंव सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमुल्य राय सुझाव तथा प्रतिकृया दिनका लागी हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| सन्धिखर्क नगरपालिका, वडा नं. १०, वडा कार्यालय, बारबाने, रिठी पोखरी | २०८२/०२/१४ | बिहान ०८:०० बजे |
| मालारानी गाउँपालिका, वडा नं. ०५, सामुदायिक भवन | २०८२/०२/१४ | दिउँसो ०१:०० बजे |
| सन्धिखर्क नगरपालिका, बडा नं. ०९, वडा कार्यालय | २०८२/०२/१६ | बिहान १०:०० बजे |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
मंगलवार, १३ जेठ २०८२ | Tuesday, 27 May 2025
आर्थिक अभियान



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**कीर्तिपुरको डाँडाबाट देखिएको दक्षिणकाली चाल्नाखेलको पाखामा बनाइएका प्लटिङ । काठमाडौं उपत्यकाको काँठ क्षेत्रमा घरघडेरीको विकास भइरहेको छ । यद्यपि अर्थतन्त्रको शिथिलताका कारण अहिले घरजग्गा कारोबारमा मन्दी छ ।**

# राष्ट्रिय जीडीपीमा पाँच प्रदेशको योगदान अंश घट्यो


**अभियान संवाददाता**

काठमाडौं

चालू आर्थिक वर्ष २०८१/८२ मा देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पाँच प्रदेशको योगदान अंश घटेको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सोमवार सार्वजनिक गरेको प्रादेशिक जीडीपी विवरण अनुसार राष्ट्रिय जीडीपीमा कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमको योगदान अंश अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा सीमान्त रूपमा घटेको छ भने मधेश र बागमती प्रदेशको बढेको छ ।

चालू आर्थिक वर्षमा राष्ट्रिय जीडीपी उपभोक्ताको मूल्यमा करीब ६१ खर्ब ७ अर्ब हुने अनुमान गरिएको छ, जसमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६ दशमलव ५२ प्रतिशत रहने अनुमान गरिएको छ । यसैगरी कोशी प्रदेशले १५ दशमलव ९० प्रतिशत, लुम्बिनी प्रदेशले १४ दशमलव २३ प्रतिशत, मधेश प्रदेशले १३ दशमलव १६ प्रतिशत, गण्डकी प्रदेशले ८ दशमलव ९८ प्रतिशत, सुदूरपश्चिम प्रदेशले ७ दशमलव शून्य ३ प्रतिशत र कर्णाली प्रदेशले ४ दशमलव १९ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान रहेको छ ।

प्रादेशिक जीडीपी विवरण अनुसार पाँच प्रदेशको प्रतिव्यक्ति जीडीपी राष्ट्रिय औसतभन्दा कम रहने प्रक्षेपण गरिएको छ । प्रतिवेदनअनुसार बागमती र गण्डकीबाहेक अन्य सबै प्रदेशको प्रतिव्यक्ति जीडीपी राष्ट्रिय औसतभन्दा तल रहने देखिएको हो ।




**चालू आर्थिक वर्षमा राष्ट्रिय जीडीपी उपभोक्ताको मूल्यमा करीब ६१ खर्ब ७ अर्ब हुने अनुमान गरिएको छ, जसमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६ दशमलव ५२ प्रतिशत रहने अनुमान गरिएको छ ।**

चालू आवमा बागमती प्रदेशको प्रतिव्यक्ति जीडीपी सबैभन्दा धेरै अर्थात् २ हजार ६०२ अमेरिकी डलर रहनेछ भने मधेश प्रदेशको सबैभन्दा थोरै ९३२ डलर रहनेछ । अन्य प्रदेशहरूमा गण्डकीको १ हजार ६१९ डलर, कोशीको १ हजार ४०१ डलर, लुम्बिनीको १ हजार २०१ डलर, सुदूरपश्चिमको १ हजार १५३ डलर र कर्णालीको १ हजार ८९ डलर हुने प्रक्षेपण गरिएको छ ।

यसै अवधिमा राष्ट्रिय प्रतिव्यक्ति जीडीपी १ हजार ४९६ डलर रहने प्रारम्भिक अनुमान गरिएको छ ।

त्यसैगरी आर्थिक वृद्धिदरको हिसाबले गण्डकी प्रदेश अग्रस्थानमा रहेको छ । चालू आवमा गण्डकी प्रदेशको जीडीपीको वृद्धिदर ५ दशमलव ५१ प्रतिशत हुने अनुमान गरिएको छ । दोस्रो स्थानमा बागमती प्रदेश रहेको छ, जहाँ ५ दशमलव १८ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण छ ।

अन्य प्रदेशहरूमा कर्णाली, लुम्बिनी, कोशी, मधेश र सुदूरपश्चिमको क्रमशः वृद्धिदर ४ दशमलव ७४, ३ दशमलव ३४, ४ दशमलव ५२, ४ दशमलव ५० र ३ दशमलव ३२ प्रतिशत रहनेछ । यसअनुसार गण्डकी, बागमती, कर्णाली र लुम्बिनीको वृद्धिदर राष्ट्रिय औसत ४ दशमलव ६१ प्रतिशतभन्दा बढी रहने देखिएको छ भने कोशी, मधेश र सुदूरपश्चिमको वृद्धि औसतभन्दा कम हुने प्रक्षेपण छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमानको तुलनामा चालू आवमा सबै प्रदेशमा आर्थिक वृद्धिदर बढ्ने अपेक्षा गरिएको छ ।

# नेपाल वायुसेवा निगमको सेवा विस्तारमा जोड

काठमाडौं (अस) । पर्यटन क्षेत्रका सरोकारवालाहरूले पर्यटन सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउनुपर्ने र नेपाल वायुसेवा निगमले जहाज भाडामा लिएर भए पनि अन्तरराष्ट्रिय सेवा विस्तार गर्नुपर्नेमा व्यवसायीले जोड दिएका छन् । सोमवार प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा भएको राष्ट्रिय पर्यटन संवादमा पर्यटन व्यवसायीले पर्यटन क्षेत्रलाई उकास्न विद्यमान समस्याहरूको पहिचान गरी तिनको समाधानमा एकीकृत प्रयासको खाँचो औंल्याएका छन् ।

नेपाल एशोसिएशन फर टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले पर्यटन सेवामा भ्याट हटाउन, पर्यटकीय बसपार्क स्थायी रूपमा निर्माण गर्न र निगमलाई विमान भाडामा लिन वा किन्न दिन सरकारले पहल गर्नुपर्नेमा जोड दिए । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले कोरला नाका खोल्न पहल गर्नुपर्ने र नेपाल वायुसेवा निगमलाई सुदृढ गर्नुपर्ने सुझाव दिए । होटल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहले २६ ओटा पाँचतारे होटल सञ्चालनमा रहेको उल्लेख गर्दै विश्वका नाम चलेका होटल नेपालमा आइसकेको तर सरकारद्वारा तोकिएको मापदण्ड पालना भए/नभएको अनुगमन आवश्यक रहेको बताए ।



नेपाल वायुसेवा सञ्चालक संघका अध्यक्ष मनोज कार्कीले पर्यटन विकासका लागि यातायात, विशेषगरी हवाई र सडक यातायात सुधार्नुपर्ने, राष्ट्रिय ध्वजावाहकलाई बलियो बनाउनुपर्ने बताए । नेपाल पर्वतारोहण संघका अध्यक्ष निमा नुरु शेर्पाले हिमाल चढ्ने शुल्क धेरै भएको उल्लेख गरे । शुल्क उठाउने विषयमा एकद्वार प्रणाली आवश्यक रहेको भन्दै पर्वतारोहणका लागि 'पीक प्रोफाइल' तयार पार्नुपर्नेमा उनले जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सीमा नाकामा समस्या रहेको, नगद कारोबारमा अवरोध रहेको, बेरोजगारी बढ्दै गएको, तर शीपयुक्त जनशक्ति अभाव रहेको औंल्याए । नेपालको हवाई क्षेत्र युरोपेली संघको कालोसूचीबाट हट्नुपर्ने, हवाई सेवामा सुधार गर्नुपर्ने र नेपाल वायुसेवा निगमको क्षमता बढाउनुपर्नेमा कार्यक्रमका सहभागीहरूले जोड दिए ।

सो अवसरमा प्रधानमन्त्री ओलीले नेपालमा पर्यटन क्षेत्रको विकासका लागि विगतमा प्रयास भए पनि वर्तमान समयका लागि पर्याप्त नभएको बताउनुभयो । सडक सञ्जाल विकट गाउँसम्म पनि पुगेको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'नेपाल वायुसेवा निगमको पुनःसंरचना आवश्यक छ, त्यसका लागि सरकार प्रतिबद्ध छ । यो काम गरिन्छ ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा देखिएका प्रमुख समस्या पहिचान गरिने बताए । त्यस्ता समस्या समाधानमा केन्द्रित योजना अघि सार्नुपर्ने उनको भनाइ छ । पर्यटन क्षेत्रको विकासमा निजीक्षेत्रको प्रयास पनि सराहनीय रहेको भन्दै उनले यस क्षेत्रबाट अपेक्षा र सम्भावनाअनुसारको लाभ लिन नसकिएको बताए । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पर्यटन सम्भावनाको उजागर शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# चीन–अमेरिका व्यापारमा पुनः चहलपहल

पेचिङ (चीन) । चीनको दक्षिणी शहर शेन्चेनमा रहेको यान्तियान बन्दरगाहमा लिन रिशेङको दिनभरको समय वार्तालाप समन्वय गर्नमै बित्छ । कहिलेकाहीँ त रेडियो सेटका ब्याट्री सकिएपछि बल्ल उनको दिनको ड्युटी पूरा हुन्छ ।

चीनबाट अमेरिकातर्फ हुने कुल निर्यात वस्तुमध्ये एक चौथाइभन्दा बढी हिस्सा यही बन्दरगाहबाट जान्छ । हाल यहाँबाट दैनिक औसतमा ६ ओटा कार्गो जहाज अमेरिकी गन्तव्यतर्फ जाने गरेका छन् । यो गतिविधिले प्रशान्त महासागरपारि चीनको व्यापार पुनरुत्थान भइरहेको संकेत दिन्छ ।



**चीन–अमेरिका व्यापारमा तीव्र पुनरागमन देखिएको छ, जुन दुबै देशका लागि लाभदायक र पारस्परिक हितअनुसारको 'विन–विन' सम्बन्धमा आधारित देखिन्छ ।**

चीन-अमेरिका व्यापारमा तीव्र पुनरागमन देखिएको छ, जुन दुबै देशका लागि लाभदायक र पारस्परिक हितअनुसारको 'विन-विन' सम्बन्धमा आधारित देखिन्छ ।

मे १२ मा जेनेभामा सम्पन्न चीन-अमेरिका आर्थिक तथा व्यापार बैठकपछिको संयुक्त विज्ञप्ति र मे १४ मा लागू भएको पारस्परिक भन्सार कटौतीले द्विपक्षीय व्यापारमा पुनः लयमा फर्किन थालेको देखिन्छ ।

संयुक्त वक्तव्य सार्वजनिक भएको दुई घण्टाभित्रै शेन्चेनस्थित स्काई ड्रागन अडियो-भिडियो टेक्नोलोजी कम्पनीले आफ्ना अमेरिकी ग्राहकबाट यथाशीघ्र डेलिभरी गरिदिन अनुरोधसहितका इमेलहरू पाएको थियो ।

'भन्सार घटाइएकोमा हाम्रा साझेदार व्यापारीदेखि अमेरिकी खुद्रा विक्रेतासम्म खुशी छन्,' कम्पनीका विक्री विभागका सियाङ कोङ लीले भने ।

अमेरिकाबाट सामान किन्ने कम्पनीहरूले पुनः अर्डर गर्न थालेका छन् भने चिनियाँ उत्पादकहरूले अमेरिका पठाउने सामानको उत्पादन पुनः शुरू गरेका छन् । अमेरिकाको जुनिपर डिजाइन ग्रुपका उत्पादन विकास प्रमुख टम साइमनले भने, 'अहिले दुवै देश भन्सार घटाउन सहमत भएका छन्, हामीले चिनियाँ आपूर्तिकर्तालाई पुनः नयाँ अर्डर पठाएका छौं ।'

उत्तर चीनको शान्सी प्रान्तस्थित दाहुआ ग्लास कम्पनी (जसको ४० प्रतिशत उत्पादन अमेरिका जान्छ) पुनः म्यासिज जस्ता अमेरिकी स्टोरका लागि ग्लास ट्रे उत्पादनमा फर्किएको छ ।

'भन्सारका उतारचढावले हामीलाई कहिले रोक्ने, कहिले चलाउने बनायो, यो त रोलर-कोस्टरमा चढेजस्तो भयो,' कम्पनीका उपमहाप्रबन्धक लियाङ वेनशेङले भने । *सिन्हवा/रासस*

# इयुमाथि ५० प्रतिशत भन्सार महसुल जुलाई ९ सम्म स्थगित

वासिङ्टन (संयुक्त राज्य अमेरिका) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली संघ (ईयू)का सामानमा लागू गरिने भनिएको ५० प्रतिशत भन्सार महसुल जून १ देखि जुलाई ९ सम्मका लागि स्थगित गरिएको बताएका छन् । ट्रम्पले आइतवार युरोपेली आयोगकी अध्यक्ष उर्सुला फोन डेर लेयेनसँगको टेलिफोन वार्तापछि यस्तो निर्णय लिएका हुन् । ट्रम्पका अनुसार लेयेनले 'गम्भीर रूपमा वार्ता थाल्न चाहेको' बताएकी थिइन् । 'मैले पहिले नै सबैलाई भनेको थिएँ- उनीहरूले अब वार्ता गर्नैपर्छ,' ट्रम्पले आइतवार न्यू जर्सीको मोरिस्टाउनमा पत्रकारहरूसँग भने । उनले लायनले 'चाँडै भेटवार्ता गरी समाधानको बाटो खोज्ने वाचा गरेको' दाबी गरे । शुक्रवार सामाजिक सञ्जाल ट्रुथमा ट्रम्पले ईयूमाथि ५० प्रतिशत भन्सार महसुल लागू गर्ने चेतावनी दिएका थिए । उनले ईयू 'व्यापारमा निकै कठिन' भएको र वार्ता 'कहीँ नपुगेको' भन्दै असन्तुष्टि जनाएका थिए । तर आइतवारको वार्तापछि तनाव केही घटेको देखिन्छ ।

**ट्रम्पले आइतवार युरोपेली आयोगकी अध्यक्ष उर्सुला फोन डेर लेयेनसँगको टेलिफोन वार्तापछि यस्तो निर्णय लिएका हुन् । ट्रम्पका अनुसार लेयेनले 'गम्भीर रूपमा वार्ता थाल्न चाहेको' बताएकी थिइन् ।**

'मैले जुलाई ९, २०२५ सम्मका लागि म्याद थप्न सहमति जनाएँ, यो मेरा लागि गर्वको कुरा हो,' ट्रम्पले आइतवार बेलुका ट्रुथमा लेखेका छन् । यता, लेयेनले अमेरिका र युरोपबीच विश्वकै सबैभन्दा महत्त्वपूर्ण र घनिष्ट व्यापार सम्बन्ध रहेको बताइन् ।

'हामी छिटो र निर्णायक रूपमा वार्ता अगाडि बढाउन तयार छौं । राम्रो सम्झौतामा पुग्न जुलाई ९ सम्म समय आवश्यक हुनेछ,' उनले भनिन् । *एपी/रासस*

## तथ्यांकोवाच

### विकसित देशमा नेपाली दुग्धपदार्थ निर्यात

विश्वका विकसित देशहरूमा पनि नेपाली दुग्धपदार्थ निर्यात हुन थालेको छ । यस तथ्यांकले नेपाली दुग्धपदार्थ गुणस्तरका दृष्टिले पनि अब्बल भएको पुष्टि हुन्छ ।

**नेपालबाट आर्थिक वर्ष २०८१/८२ को पहिलो दश महीनामा दुग्धपदार्थ निर्यात**

| देश | परिमाण केजी | मूल्य (रू हजारमा) |
|---|---|---|
| अष्ट्रेलिया | २,४३३ | २,४५१ |
| भारत | १६६,७३४ | ५८,०२२ |
| जापान | ४३,७०६ | ४७,९२६ |
| क्यानडा | १०० | २२१ |
| कुल | २१२,९७३ | १०८,६२० |

*स्रोत : भन्सार विभाग*

# जो माछा विक्रीबाटै गर्छन् वार्षिक डेढ करोड आम्दानी

भरतपुर । चितवनको खैरहनी नगरपालिका-१२ चिसाहानीका हरि अर्यालले १३ वर्षअघि माछापालन शुरू गरे । साथीभाइले माछापालन गरेको देखेर उनले पाँच कट्ठा जमीनमा पोखरी खनेर माछापालन शुरू गरेका थिए ।

शुरुआती दिनहरूमा विभिन्न कठिनाइ हुँदाहुँदै पनि अर्यालले माछापालनलाई व्यावसायिक रूपमा विस्तार गरे । पछि राम्रो हुँदै गएपछि अर्यालले २०७३ सालदेखि चार बिघा क्षेत्रफलको जलाशयमा माछापालन गर्दै आएका छन् । यसबाट वार्षिक एक करोड ५० लाख रुपैयाँबराबरको माछा विक्री हुने गरेको छ । खर्च कटाएर ७० लाखभन्दा बढी नाफा हुने गरेको उनले सुनाए ।

'वार्षिक ६० लाख रुपैयाँजति दानामा खर्च हुन्छ, विद्युत् लगायतका अन्य शीर्षकमा पनि खर्च हुन्छ,' अर्यालले भने । उनको फर्ममा वार्षिक दुई सय टनभन्दा बढी माछा उत्पादन हुन्छ । यतिखेर १० टन माछा बजार लैजाने तयारी छ ।

अर्यालले माछापालनमा आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन र बिक्रीमा ध्यान दिएका छन् । उनले उत्पादन गरेका माछा चितवनसहित काठमाडौं, पोखरा, बुटवललगायत शहरमा जाने गरेको छ । माछापालनले अर्यालको जीवनस्तरमा ठूलो सुधार ल्याएको छ । उनले आफ्नो आम्दानीबाट थप जमीन किनेर घर बनाएका छन् भने गाडी किन्ने योजनामा छन् ।

माछापालन व्यवसायबाटै अर्यालले तीन छोराछोरीलाई चितवनका प्रतिष्ठित शिक्षण संस्थामा पढाइरहेका छन् । उनले आफ्नो फार्ममा ६ जनालाई रोजगारी दिएका छन् । आगामी दिनमा माछापालनलाई 'एग्रो टुरिजम'मा जोडेर व्यावसायिक विविधीकरण गर्ने योजनामा उनी छन् 'पोल्ट्री क्षेत्रमा हात हालेको छु । त्यसबाट राम्रो आम्दानी हुन सकेको छैन,' अर्यालले भने, 'यतिबेला कागतीखेतीमा पनि लगानी गरेको छु, कागतीखेती र माछापालनलाई एग्रो टुरिजममा जोड्ने योजना छ ।'



अर्याल दम्पती नै माछापालनमा खटिन्छन् । माछापालनमा रुचि राख्ने अन्य कृषकलाई अर्यालले प्रशिक्षण र सल्लाह, सुझाव दिँदै आएका छन् ।

४५ वर्षीय अर्याल माछापालनमा त्यतिकै लागेको होइन । पैसा कमाउन सन् २००५ मा मलेसिया पुगेका उनी २४ महीना बसे । त्यतिखेर नेपालमै केही गर्ने सोचसहित राम्रै पैसा कमाएर स्वदेश फर्किएका उनी यहाँ भनेजस्तो नभएपछि सन् २००८ मा युनाइटेड अरब इमिरेट्स (युएई)को दुबई गए । दुई वर्ष दुबई बसेर फर्किएका अर्याल परम्परागत खेतीपातीमै लागेका थिए । पछि भरतपुरको बजार क्षेत्रमा माछापालन गरेको देखे । यसबाट फाइदा हुने पाएपछि माछापालन गर्न थालेका हुन् । माछापालन गर्दा शुरुआती दिनमा धेरै दुःख पाएको उनीसँग अनुभव छ ।

'एक कठ्ठामा माछा कति राख्ने, कसरी राख्ने केही ज्ञान थिएन, अन्धाधुन्ध नै माछापालन गर्न थालियो,' उनले भने, 'शुरूमा व्यापारीले ठगे । दुई तीन वर्ष घाटा नै भयो ।' पछि माछापालनसम्बन्धी बुझ्दै गएपछि सहज भएको उनको भनाइ छ । शुरुआती दिनमा अर्यालले बंगलादेशबाट माछाका भुरा ल्याएर माछापालन गर्न थालेका थिए । त्यतिखेर भारतीय बाटो हुँदै लुकाइछिपाइ भुरा ल्याउनुपर्ने बाध्यता रहेको उनले सुनाए । अहिले भने चितवनमै सरकारीस्तरबाट माछाका भुरा उत्पादन हुँदा माछापालन गर्न सहज भएको उनले बताए । अर्याल पछिल्लो अधिकांश किसानका लागि प्रेरणाका स्रोत बनिरहेका छन् ।

माछापोखरीमा आर्यालले दुई करोड रुपैयाँ लगानी गरेका छन् । उनका सात पोखरीमा माछा छन् । शुरूमा पोखरी निर्माणमै एक करोड रुपैयाँ खर्च लागेको उनले बताए । जग्गा भाडामा लिएर माछापालन गरेका अर्यालको २८ कठ्ठा जमीन आफ्नै हो ।

अहिले चितवनमा १ हजार ५०० भन्दा बढी किसान माछापालनमा लागेका छन् । नेपालमा माछापालनमा राम्रो सम्भावना रहेको अर्यालको भनाइ छ । 'विदेश जानुभन्दा यहाँ नै उत्पादनमूलक काम गरेर राम्रो आम्दानी गर्न सकिन्छ,' उनले भने ।

राज्यले दाना र बिजुलीमा छूट दिएमा नेपाली माछापालन किसान अगाडि बढ्न सक्ने अर्यालको बुझाइ छ । 'माछापालनबाट राम्रो आम्दानी हुन्छ, तर राज्यबाट उचित सहयोग र प्रोत्साहन छैन,' उनले भने, 'नेताहरूले भनेको जस्तो देशलाई समृद्धि बनाउन युवालाई स्वदेशमै रोकेर कृषिमा लगानी बढाउनुपर्छ ।'

अहिले नेपालमै माछाका भुसार पाइने भए पनि भारतबाट अवैध रूपमा आयात आयात नरोकिँदा नेपाली किसान मारमा पर्दै आएको गुनासो उनले गरे । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर